# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## अर्ध-वार्षिक प्रतिवेदन
## (आ.व.२०७८/७९)




## नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग

(२०७९ असार)

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ बमोजिम बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको स्थिति, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ। सोही ऐनको दफा १० को उपदफा ३ बमोजिम नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले बैंकलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषणमार्फत मौद्रिक एवम् वित्तीय नीतिको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने भएका कारण नेपाल राष्ट्र बैंकले नियमितरुपमा आर्थिक गतिविधि अध्ययन गरी सोको प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथा सूचना नै आर्थिक गतिविधिको विश्लेषण तथा प्रक्षेपण गर्ने मूल आधार हो। आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्थाको जानकारी भई आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न सहयोग पुग्दछ। साथै, तथ्याङ्क तथा सूचनाले अर्थतन्त्रका विभिन्न क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावमार्फत सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुऱ्याउँदछ।

देश संघीय संरचनामा गएपश्चात् प्रशासनिक विभाजनको स्वरुप समेत परिवर्तन भएको छ। संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरिएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ मा भएको व्यवस्था अनुसार नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थलगत सर्वेक्षण, सरोकारवालासँगको अन्तरक्रिया र द्वितीय तथ्याङ्कका आधारमा देशका सबै जिल्लाहरु समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ। यो एकिकृत प्रतिवेदनसँगै प्रदेश अनुसार छुट्टाछुट्टै प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु पनि तयार गरिएको छ। संघीय संरचनाको परिवेशमा अझैपनि अध्ययनका लागि आवश्यक पर्ने पर्याप्त तथ्याङ्कहरु उपलब्ध हुन नसकिरहेको स्थिति छ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरु तथा तथ्याङ्क संकलनमा समन्वय गर्न सहयोग पुऱ्याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु। यो प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री लक्ष्मी प्रसाद प्रसाईलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक विकास महाशाखाका उप-निर्देशकहरु श्री प्रेम प्रसाद आचार्य र श्री जय नारायण प्रधान, सहायक निर्देशकहरु श्री प्रतिभा थापा, श्री उदयराज पौडेल, श्री एलिशा मानन्धर र श्री राम कुमार थापा तथा सहायक श्री कुशल ढकाललाई धन्यवाद दिन चाहन्छु।

**डा. प्रकाश कुमार श्रेष्ठ**
कार्यकारी निर्देशक

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | १ |
| **परिच्छेद २ :** | **अन्तर्राष्ट्रिय आर्थिक स्थिति** | ३ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | ७–१८ |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ कृषि उत्पादन | ८ |
| | ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ सिँचाई | ११ |
| | ३.५ क्षेत्रगत कृषि कर्जा | १२ |
| | ३.६ सहुलियतपूर्ण कृषि कर्जा | १३ |
| | ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | १४ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | १९–२६ |
| | ४.१ प्रदेश अनुसार उद्योगको विवरण | १९ |
| | ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन | १९ |
| | ४.३ क्षेत्रगत औद्योगिक कर्जा | २० |
| | ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २३ |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | २७–३६ |
| | ५.१ पर्यटन | २७ |
| | ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २७ |
| | ५.३ वित्तीय सेवा | २८ |
| | ५.४ सेवा क्षेत्र कर्जा | ३० |
| | ५.५ यातायात | ३१ |
| | ५.६ सहुलियतपूर्ण कर्जा | ३१ |
| | ५.७ विपन्न वर्ग कर्जा | ३१ |
| | ५.८ पुनरकर्जा | ३२ |
| | ५.९ सहकारी क्षेत्र | ३२ |
| | ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना | ३३ |
| **परिच्छेद ६ :** | **पूर्वाधार क्षेत्र** | ३७–४३ |
| | ६.१ पूर्वाधार स्थिति | ३७ |
| | ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ४१ |
| **परिच्छेद ७ :** | **वाहृय क्षेत्र र रोजगारी** | ४४–४८ |
| | ७.१ वैदेशिक व्यापार | ४४ |
| | ७.२ रोजगारी | ४६ |
| | ७.३ बाहृय क्षेत्रका चुनौती र सम्भावना | ४७ |
| **परिच्छेद ८ :** | **संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | ४९–५३ |
| | ८.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ४९ |
| | ८.२ प्रदेशगत कार्यान्वयन भएका कार्यक्रमहरु | ५० |
| **परिच्छेद ९ :** | **आर्थिक परिदृष्य** | ५४ |

# सारांश

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२१ मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ६.१ प्रतिशत रहेको छ ।

२. जि-७ मा रहेका विकसित देशहरुको आर्थिक वृद्धिदर सन् २०२१ मा उच्च रहेपनि बेरोजगारी दरमा सामान्य कमी आएको थियो । क्यानडाको बेरोजगारी दर ७.४ प्रतिशत र अमेरिकाको बेरोजगारी दर ५.४ प्रतिशत रह्यो ।

३. सन् २०२१ मा भारतको आर्थिक वृद्धिदर ८.९ प्रतिशत र चीनको आर्थिक वृद्धिदर ८.१ प्रतिशत रह्यो ।

## कृषि

४. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ३.३ प्रतिशतले घटेको छ । यस्ता बालीले ढाकेको भू-क्षेत्र भने ०.४ प्रतिशतले बढेको छ ।

५. तरकारी तथा बागबानी उत्पादन १.७ प्रतिशतले घटेको छ । फलफूल तथा मसलाको उत्पादनमा भने ३.८ प्रतिशतले वृद्धि भएको छ ।

६. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ४.९ प्रतिशत, मासु उत्पादन ५.१ प्रतिशत र अण्डा उत्पादन ७.५ प्रतिशतले वृद्धि भएको छ। वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन २३.७ प्रतिशतले बढेको छ भने औषधिजन्य वस्तुको उत्पादन १२.२ प्रतिशतले घटेको छ ।

## उद्योग

७. समीक्षा अवधिमा उद्योगको क्षमता उपयोग औसतमा ४८.३ प्रतिशत रहेको छ ।

८. २०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ३१.० प्रतिशत रहेको छ ।

## सेवा

९. समीक्षा अवधिमा पर्यटक आगमन संख्या ९८ हजार ७ सय ६८ रहेको छ ।

१०. घरजग्गा रजिष्ट्रेशन संख्या ०.४५ प्रतिशतले वृद्धि भएको छ । रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व रु.२९ अर्ब ८५ करोड पुगेको छ । घर भवन स्थायी नक्सा पास संख्या भने ०.१२ प्रतिशतले घटेको छ ।

११. २०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप ३.४ प्रतिशतले र कर्जा प्रवाह ११.८ प्रतिशतले वृद्धि भएको छ ।

१२. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप र कर्जामा बागमती प्रदेशको अंश क्रमशः ६८.८ प्रतिशत र ५५.८ प्रतिशत रहेको छ । निक्षेप र कर्जामा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (क्रमशः १.० प्रतिशत र १.२ प्रतिशत) रहेको छ ।

१३. २०७८ फागुन मसान्तसम्ममा दर्ता भएका कुल सवारी साधनको संख्या ४८ लाख ८२ हजार २ सय ६७ पुगेको छ ।

## पूर्वाधार

१४. समीक्षा अवधिसम्ममा विद्युत जडित क्षमता २ हजार २ सय ५ मेगावाट पुगेको छ भने ५ हजार ७ सय ७२ गिगावाट घण्टा बराबर विद्युत खपत भएको छ।

१५. नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या २० रहेको छ। सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको संख्या ३४ रहेको छ।

१६. आर्थिक बर्ष २०७८/७९ को फागुनसम्ममा कालोपत्रे सडक १६ हजार ९ सय ३९ किलोमिटर, ग्राभेल ८ हजार १ सय ११ किलोमिटर र कच्ची सडक ८ हजार ८ सय २१ किलोमिटर गरी कुल सडकको लम्बाई ३३ हजार ८ सय ७१ किलोमिटर पुगेको छ।

१७. समीक्षा अवधिसम्ममा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। त्यसैगरी, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको ९० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ।

१८. २०७८ चैतदेखि जनकपुरको जयनगर-कुर्था खण्डमा रेल सेवा सञ्चालनमा आएको छ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मौद्रिक तथा विदेशी विनिमय नीतिमार्फत मूल्य स्थायित्व, बाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधनको सुनिश्चित गर्नु नेपाल राष्ट्र बैंकका उद्देश्यहरु रहेका छन्। नेपाल राष्ट्र बैंकले देशको आर्थिक गतिविधिसम्बन्धी अध्ययन गरी सोही बमोजिम आर्थिक नीति निर्माण गर्ने र यस्ता अध्ययनबाट सरोकारवालाहरुलाई नीति निर्माण र आर्थिक निर्णयहरु गर्न सहयोग पुऱ्याउँदै आएको छ।

नेपाल राष्ट्र बैंङ्कले वि.सं. २०२५ देखि उपत्यका बाहिर रहेका शाखा तथा उपशाखा कार्यालयमा सम्वाददाता फाँटको व्यवस्था गरी आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवं तथ्याङ्क संकलन गर्ने गरेको थियो। उक्त फाँटले स्थानीय आर्थिक गतिविधिको जानकारी तोकिएको ढाँचामा समय-समयमा अनुसन्धान विभागमा पठाउने गर्दथ्यो। वि.सं. २०३२ मा कार्य निर्देशिका जारी गरी सम्वाददाता फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरियो। क्षेत्रीय अनुसन्धान केन्द्रबाट आर्थिक गतिविधिसम्बन्धी अध्ययन हुने गरेकोमा वि.सं.२०४९ देखि उपत्यका बाहिरका कार्यालयमा बैंकिङ्ग विकास तथा अनुसन्धान ईकाइको व्यवस्था गरी क्षेत्रीयस्तरमा सोही ईकाइ तथा आर्थिक अनुसन्धान विभाग, आर्थिक विकास महाशाखामार्फत काठमाडौं उपत्यका एवम् आसपासका क्षेत्रका आर्थिक गतिविधिको अध्ययन कार्य नियमितरुपमा हुँदै आएको थियो।

आर्थिक वर्ष २०६७/६८ देखि "नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७" अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको थियो। आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो। आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो।

देश संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचना अनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने रहेको छ। साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भइरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ।

## १.३ अध्ययन विधि

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ। कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। उद्योगको तथ्याङ्क नमुना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट, बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ।

साथै, पर्यटनसँग सम्बन्धित तथ्याङ्क पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, होटल व्यवसायी संघबाट, घरजग्गा नक्सापाससम्बन्धी तथ्याङ्क नगरपालिकाहरुबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क आर्थिक पूर्वाधार कार्यालय, राष्ट्रिय

योजना आयोग, अर्थमन्त्रालयबाट संकलन गरिएको छ । स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवम् अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, फ्याक्स, वेवसाइट तथा टेलिफोनलगायतका विद्युतीय माध्यमको प्रयोग गरिएको छ । पूर्वाधार, संघीय आयोजना, परियोजना तथा कार्यक्रमलगायतका तथ्याङ्क आर्थिक सर्वेक्षणबाट समेत लिइएको छ ।

समीक्षा अवधि, गत अवधि र दुई वर्ष अघिको तथ्याङ्क संकलन गरी समीक्षा अवधि र गत अवधिको प्रतिशत परिवर्तनको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

अधिकाँश जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी एकीकृत गरिएकोले कृषि उत्पादन, सिँचाई, पूर्वाधारलगायतका तथ्याङ्क देशको समग्र तथ्याङ्कसँग केही फरक पर्न गएका छन् । देश संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यससम्वन्धी तथ्याङ्क पूर्णरुपमा संकलन गर्न कठिनाई भएको स्थिति छ । यसर्थ, तीनै तहका सरकारी कार्यालयहरुले तथ्याङ्क संकलन र व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ । कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले पनि तथ्याङ्क उपलव्ध गराउन हिच्किचाउने, समयमा नै उपलव्ध नगराउने र अपूर्ण तथ्याङ्क उपलब्ध गराउने प्रवृत्ति रहेको कारण यथार्थ आर्थिक अवस्थाको बारेमा समयमा नै उजागर गर्न कठिनाई हुने गरेको स्थिति छ ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययनलाई ९ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको अन्तरराष्ट्रिय स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा संघीय एवम् प्रादेशिक योजना तथा कार्यक्रम र परिच्छेद ९ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

## परिच्छेद २

# अन्तर्राष्ट्रिय आर्थिक स्थिति

### २.१ विश्व आर्थिक स्थिति

कोभिड-१९ संक्रमणको प्रभाव न्यूनीकरण भई आर्थिक सामाजिक गतिविधि सामान्य हुँदै गएकोमा रुस युक्रेन युद्ध लम्बिदै गइरहेको, रुसमाथि विभिन्न प्रतिबन्ध लाग्दै गएको र विश्वव्यापीरुपमा पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदै गएकोले विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०२२ मा कमी आउने र उपभोक्ता मुद्रास्फीति दरमा वृद्धि हुने आँकलन गरिएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्क अनुसार सन् २०२१ मा विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ६.१ प्रतिशत रहन गयो । सन् २०२० मा आर्थिक वृद्धि ऋणात्मक रहेको जि-७ अन्तर्गतका विकसित देशहरुको वृद्धिदर सन् २०२१ मा उच्च रहेपनि इटाली बाहेकको उक्त मुलुकहरुमा बेरोजगारी दरमा केही कमी आएको थियो । सन् २०२१ मा फ्रान्स, इटाली र क्यानडाको बेरोजगारी दर ७ प्रतिशत माथि रहन गयो भने जापानको बेरोजगारी दर २.८ प्रतिशत कायम रहन गयो ।

**तालिका २.१ : विश्वको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति**

| मुलुक | आर्थिक वृद्धिदर | | वेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०२० | २०२१ | २०२० | २०२१ |
| क्यानडा | -५.३ | ४.६ | ९.६ | ७.४ |
| फ्रान्स | -८.० | ७.० | ८.० | ७.९ |
| जर्मनी | -४.६ | २.८ | ३.८ | ३.५ |
| इटाली | -९.० | ६.६ | ९.३ | ९.५ |
| जापान | -४.५ | १.६ | २.८ | २.८ |
| बेलायत | -९.२ | ७.४ | ४.५ | ४.५ |
| अमेरिका | -३.४ | ५.७ | ८.१ | ५.४ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२२ ।*

सन् २०२१ मा नेपालीहरुको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरुको आर्थिक वृद्धि सामान्य रह्यो । नेपालीहरुको प्रमुख श्रम गन्तव्य मुलुक साइप्रस, दक्षिण कोरिया, साउदी अरेबिया र मलेसियाको आर्थिक वृद्धिदर क्रमशः ५.५ प्रतिशत, ४ प्रतिशत, ३.२ प्रतिशत र ३.१ प्रतिशत रह्यो भने बाँकी गन्तब्य मुलुकहरु कतार, यूएई, बहराईन, कुवेत, ओमान र जापानको वृद्धिदर २.५ प्रतिशत भन्दा कम रहन गयो । यसर्थ, न्यून आर्थिक आर्थिक वृद्धि लगायत अन्य कारणहरुले गर्दा गन्तब्य मुलुकहरुमा रोजगारीका अवसरहरु उल्लेख्यरुपमा थप हुन सकेनन् ।

**तालिका २.२ : नेपालीहरुको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर ।**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२० | २०२१ |
| साउदी अरेबिया | -४.१ | ३.२ |
| कतार | -३.६ | १.५ |
| यूएई | -६.१ | २.३ |
| बहराईन | -४.९ | २.२ |
| कुवेत | -८.९ | १.३ |
| ओमान | -२.८ | २.० |
| जापान | -४.६ | १.६ |
| मलेसिया | -५.६ | ३.१ |
| दक्षिण कोरिया | -०.९ | ४.० |
| साइप्रस | -५.१ | ५.५ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२२ ।*

कोभिड-१९ को असर कम भएसँगै छिमेकी मुलुकहरुको आर्थिक गतिविधि सामान्य हुँदै गएको छ । सन् २०२० मा ३३.५ प्रतिशतले खुम्चिन पुगेको माल्दिभसको अर्थतन्त्र सन् २०२१ मा ३३.४ प्रतिशतले वृद्धि भयो । यसैगरी, सन् २०२१ मा भारतको अर्थतन्त्र ८.९ प्रतिशतले वृद्धि भयो भने भुटानको अर्थतन्त्र ३.७ प्रतिशतले ऋणात्मक रहन गयो ।

**तालिका २.३ : दक्षिण एशियाली देशहरुको आर्थिक वृद्धिदर**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२० | २०२१ |
| बंगलादेश | ३.५ | ५.० |
| भुटान | -२.४ | -३.७ |
| भारत | -६.६ | ८.९ |
| माल्दिभ्स | -३३.५ | ३३.४ |
| नेपाल | -२.४ | ४.३ |
| पाकिस्तान | -०.५ | ५.६ |
| श्रीलङ्का | -३.६ | ३.६ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२२ ।*

विश्व बैंकको तथ्याङ्क अनुसार सन् २०२० मा विश्वको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ४.३ प्रतिशत, उद्योग क्षेत्रको योगदान २६ प्रतिशत, उत्पादनमुलक उद्योगको योगदान १५.९ प्रतिशत तथा सेवा क्षेत्रको योगदान ६४.८ प्रतिशत रहेको छ ।

सन् २०२१/२२ मा नेपाल, भारत तथा चीनको कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको योगदान सबैभन्दा बढी रहेको छ । सन् २०२१/२२ मा भारतको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमश: २१.१ प्रतिशत, २५.९ प्रतिशत र ५३ प्रतिशत रहेको छ भने सोही अवधिमा प्राथमिक, द्वितिय र तृतीय क्षेत्रको वृद्धिदर क्रमश : ३.९ प्रतिशत, ११.८ प्रतिशत र ८.२ प्रतिशत रहेको छ । साथै, चीनको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमश: ७.३ प्रतिशत, ३९.४ प्रतिशत र ५३.३ प्रतिशत रहेको छ भने प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर क्रमश: ७.१ प्रतिशत, ८.२ प्रतिशत र ८.२ प्रतिशत रहेको छ ।

**तालिका २.४ : नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | भारत | | चीन | | नेपाल | |
|---|---|---|---|---|---|---|
| | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर |
| प्राथमिक क्षेत्र | २१.१ | ३.९ | ७.३ | ७.१ | ३०.१ | २.४ |
| द्वितिय क्षेत्र | २५.९ | ११.८ | ३९.४ | ८.२ | १५.५ | १०.३ |
| तृतीय क्षेत्र | ५३.० | ८.२ | ५३.३ | ८.२ | ५४.४ | ६.० |
| **कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर** | **९.२** | | **८.१** | | **५.८** | |

*स्रोत : भारत : आर्थिक सर्वेक्षण २०२१/२२*
*चीन : नेशनल व्यूरो अफ स्ट्याटिस्टिक्स,२०२२*
*नेपाल : केन्द्रीय तथ्याङ्क विभाग, २०२२*

## २.२ मूल्य स्थिति

कोभिड-१९ को संक्रमणको दरमा आएको कमीसँगै समग्र अर्थतन्त्रको मागमा आएको वृद्धि तथा कच्चा तेलको मूल्यमा आएको वृद्धिका कारण सन् २०२० को तुलनामा सन् २०२१ मा मूल्यवृद्धि दर बढी रहन गयो । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२० मा ३.२ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२१ मा ४.७ प्रतिशत रहन गयो ।

**तालिका २.५ : विश्वको मुद्रास्फीति**
**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| अर्थतन्त्र | २०२० | २०२१ |
|---|---|---|
| विश्व अर्थतन्त्र | ३.२ | ४.७ |
| विकसित अर्थतन्त्र | ०.७ | ३.१ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ५.२ | ५.९ |
| उदीयमान तथा विकासशील एशिया | ३.१ | २.२ |
| उदीयमान तथा विकासशील युरोप | ५.३ | ९.५ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू | १०.६ | १३.२ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ११.४ | १३.३ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२२*

सन् २०२० को तुलनामा सन् २०२१ मा दक्षिण एशियाली मुलुकहरुमध्ये भुटान, मालदिभ्स र श्रीलङ्काको उपभोक्ता मुद्रास्फीति बढ्न गएको छ भने बाँकी मुलुकहरुको उपभोक्ता मुद्रास्फीति घट्न गएको छ । भारत र चीनको उपभोक्ता मुद्रास्फीति सन् २०२० मा क्रमश: ६.२ प्रतिशत र २.४ प्रतिशत रहेकोमा सन् २०२१ मा ५.५ प्रतिशत र ०.९ प्रतिशत रहन गएको छ । नेपालको मुद्रास्फीति सन् २०२० को तुलनामा सन् २०२१ मा कम रहन गएको छ ।

**तालिका २.६ : दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति**
**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| मुलुक | २०२० | २०२१ |
|---|---|---|
| बंगलादेश | ५.६ | ५.६ |
| भुटान | ४.२ | ८.१ |
| भारत | ६.२ | ५.५ |
| मालदिभ्स | -१.६ | ०.२ |
| नेपाल | ६.१ | ३.६ |
| श्रीलङ्का | ४.६ | ६.० |
| पाकिस्तान | १०.७ | ८.९ |
| चीन | २.४ | ०.९ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२२*

Oil-price.net मा उपलब्ध तथ्याङ्क अनुसार सन् २०२१ को जनवरी १ मा ५१.८० अमेरिकी डलर प्रति ब्यारल रहेको कच्चा तेलको मूल्य सन् २०२२ को जनवरी १ मा अमेरिकी डलर ७९.२० मा पुगेको छ । कोभिड-१९ पछि प्रभावकारी माग वृद्धि र आपूर्ति श्रृङ्खलामा आएको अवरोधका कारण तेलको मूल्यमा अत्यधिक वृद्धि भएको छ ।

## बक्स नं. १ : राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार नेपालको जनसंख्या २,९१,९२,४८० पुगेको छ, जुन दश वर्षअघि (अर्थात् २०६८ साल) को जनसंख्या २,६४,९४,५०४ को तुलनामा २६,९७,९७६ ले बढी हो । दश वर्षमा नेपालको जनसंख्या १०.१८ प्रतिशतले बढेको देखिन्छ । विगत १० वर्षको सरदर वार्षिक जनसंख्या वृद्धिदर ०.९३ प्रतिशत देखिन्छ । अघिल्लो जनगणनामा यस्तो सरदर वार्षिक वृद्धिदर १.३५ प्रतिशत रहेको थियो ।

कुल जनसंख्यामा ४८.९६ प्रतिशत पुरुष र ५१.०४ प्रतिशत महिला रहेका छन् । २०६८ सालको जनगणनामा यस्तो प्रतिशत क्रमश: ४८.५ प्रतिशत र ५१.५ प्रतिशत थियो । प्रारम्भिक नतिजा अनसार लैङ्गिक अनुपात ९५.९१ रहेको छ जुन अघिल्लो जनगणनामा ९४.१६ रहेको थियो । नेपालमा ५६,४३,९४५ वटा घरमा ६७,६१,०५९ परिवार बसोवास गर्ने गरेको देखिएको छ, अर्थात १० वटा घरमा औसतमा १२ वटा परिवार बसोबास गरेको देखिन्छ । त्यसैगरी, प्रति परिवार ४.३२ जना सदस्य रहेको देखिन्छ ।

**प्रदेश अनुसारको जनसंख्या तथा लैङ्गिक अनुपात**

| प्रदेश | २०६८ | | | २०७८ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा जनसंख्या | प्रतिशत | लैङ्गिक अनुपात | जम्मा जनसंख्या | प्रतिशत | लैङ्गिक अनुपात |
| प्रदेश १ | ४५३४९४३ | १७.१२ | ९१.४८ | ४९७२०२१ | १७.०३ | ९५.२३ |
| मधेश प्रदेश | ५४०४१४५ | २०.४० | १०१.१८ | ६१२६२८८ | २०.९९ | १००.९९ |
| बागमती प्रदेश | ५५२९४५२ | २०.८७ | ९८.७७ | ६०८४०४२ | २०.८४ | ९९.४५ |
| गण्डकी प्रदेश | २४०३७५७ | ९.०७ | ८३.०८ | २४७९७४५ | ८.४९ | ९०.८५ |
| लुम्बिनी प्रदेश | ४४९९२७२ | १६.९८ | ९०.७३ | ५१२४२२५ | १७.५५ | ९२.१५ |
| कर्णाली प्रदेश | १५७०४१८ | ५.९३ | ९५.६९ | १६९४८८९ | ५.८१ | ९५.५८ |
| सुदूरपश्चिम प्रदेश | २५५२५१७ | ९.६३ | ९१.२५ | २७११२७० | ९.२९ | ९०.५० |
| नेपाल | २६४९४५०४ | १००.०० | ९४.१६ | २९१९२४८० | १००.०० | ९५.९१ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

प्रदेशगतरुपमा मधेश प्रदेशको जनसंख्या सबैभन्दा बढी (२०.९९ प्रतिशत) छ भने कर्णाली प्रदेशको सबैभन्दा कम (५.८१ प्रतिशत) रहेको छ । लैङ्गिक अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १००.९९ छ भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम ९०.५० रहेको छ । जिल्लागतरुपमा काठमाडौं जिल्लाको जनसंख्या सबैभन्दा धेरै (२०,१७,५३२ जना) र मनाङ जिल्लामा सबैभन्दा कम (५,६४५ जना) रहेको छ ।

**प्रदेश अनुसारको घर परिवार संख्या, जनसंख्या, परिवारको औसत आकार, वार्षिक जनसंख्या वृद्धिदर तथा जनघनत्व**

| प्रदेश | घर परिवार संख्या | प्रारम्भिक जनसंख्या २०७८ | | | परिवारको औसत आकार | वार्षिक जनसंख्या वृद्धिदर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | |
| प्रदेश १ | १२०३९३० | ४९७२०२१ | २४२५२६६ | २५४६७५५ | ४.१३ | ०.८८ | १९२ |
| मधेश | ११९०१५४ | ६१२६२८८ | ३०७८२२३ | ३०४८०६५ | ५.१५ | १.२० | ६३६ |
| बागमती | १५७५०९७ | ६०८४०४२ | ३०३३५७४ | ३०५०४६८ | ३.८६ | ०.९२ | ३०० |
| गण्डकी | ६७८१७६ | २४७९७४५ | ११८०४६० | १२९९२८५ | ३.६६ | ०.३० | ११६ |
| लुम्बिनी | ११५५५२३ | ५१२४२२५ | २४५७४८४ | २६६६७४१ | ४.४३ | १.२५ | २३० |
| कर्णाली | ३७११२५ | १६९४८८९ | ८२८३०७ | ८६६५८२ | ४.५७ | ०.७३ | ६१ |
| सुदूरपश्चिम | ५८७०५४ | २७११२७० | १२८७९९७ | १४२३२७३ | ४.६२ | ०.५८ | १३६ |
| नेपाल | ६७६१०५९ | २९१९२४८० | १४२९१३११ | १४९०११६९ | ४.३२ | ०.९३ | १९८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

प्रारम्भिक नतिजा अनुसार नेपालको जनघनत्व १९८ जना प्रतिवर्ग कि. मि. पुगेको छ, जुन २०६८ सालमा १८० जना मात्र थियो । सबैभन्दा धेरै जनघनत्व तराई क्षेत्रमा (४६१ जना) छ भने सबैभन्दा कम हिमाली क्षेत्रमा (३४ जना) रहेको छ । काठमाडौं जिल्लामा सबैभन्दा धेरै (५,१०८ जना) र मनाङ जिल्लामा सबैभन्दा कम (३ जना) जनघनत्व रहेको छ । कुल जनसंख्याको क्रमश: ५३.६६ प्रतिशत, ४०.२५ प्रतिशत, ६.०९ प्रतिशत जनसंख्या क्रमश: तराई, पहाडी र हिमाली क्षेत्रमा रहेको छ । कुल जनसंख्यामा शहरी जनसंख्या ६६.०८ प्रतिशत र ग्रामीण जनसंख्या ३३.९२ प्रतिशत पुगेको छ ।


# परिच्छेद ३
# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा नेपालमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल ०.५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.५ प्रतिशतले बढेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १.६ प्रतिशतले बढेको थियो । समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीले ओगटेको क्षेत्रफल सबैभन्दा धेरै (३८.५ प्रतिशत) रहेको छ ।

**चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (हेक्टरमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

**तरकारी :** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल ०.७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ०.१ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ३.१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल २.५ प्रतिशतले बढेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा प्रदेश नं. १, मधेश प्रदेश, बागमती प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा सामान्य गिरावट आएको छ भने अन्य प्रदेशमा बढेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफल प्रदेश नं. १, मधेश प्रदेश र बागमती प्रदेशमा बढेको छ भने गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा घटेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल सबै प्रदेशहरुमा बढेको छ । धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२५.८ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.६ प्रतिशत) रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टरमा) | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा कागवानी | फलफूल तथा मसला |
| **प्रदेश नं. १** | ८३७३१५ | ४५२२३ | ६७२४० | २५.१ | १७.९ | २६.३ |
| **मधेश प्रदेश** | ६५४५८१ | ५९३०५ | ४७८४६ | १९.६ | २३.५ | १८.७ |
| **बागमती प्रदेश** | २८६३४२ | ४३९८० | ३०५९८ | ८.६ | १७.४ | १२.० |
| **गण्डकी प्रदेश** | ४०४१६० | २२४८८ | २५७४२ | १२.१ | ८.९ | १०.१ |
| **लुम्बिनी प्रदेश** | ६३६९१९ | ४६२७७ | १८७११ | १९.१ | १८.४ | ७.३ |
| **कर्णाली प्रदेश** | १९३८७९ | १६४०० | २०८७३ | ५.८ | ६.५ | ८.२ |
| **सुदूरपश्चिम प्रदेश** | ३२०६५१ | १८४३१ | ४४३३८ | ९.६ | ७.३ | १७.४ |
| **कुल** | **३३३३८४७** | **२५२१०४** | **२५५३४७** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*


खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी (२५.१ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.८ प्रतिशत) रहेको छ। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२३.५ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (६.५ प्रतिशत) रहेको छ। यसैगरी, फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी (२६.३ प्रतिशत) र लुम्बिनी प्रदेशको हिस्सा सबैभन्दा कम (७.३ प्रतिशत) रहेको छ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन २.५ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन २.२ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ३.३ प्रतिशतले घटेको छ। समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन सबैभन्दा बढी २९.९ प्रतिशत रहेको छ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (मे.टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

**तरकारी :** समीक्षा अवधिमा तरकारी उत्पादन २.१ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन २.७ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ३.८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन २.५ प्रतिशतले बढेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा प्रदेश नं. १ र गण्डकी प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन बढेको छ भने मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा घटेको छ । तरकारी उत्पादन प्रदेश नं. १, मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा बढेको छ भने लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा घटेको छ । यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादन प्रदेश नं. १, मधेश प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने गण्डकी प्रदेशमा घटेको छ । धान बालीको कुल उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २७.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.४ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२ : कृषि बालीको उत्पादन (मे. टन.)**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा कागवानी | फलफूल तथा मसला |
| प्रदेश नं. १ | ३३२२८३४ | ५९७७७९ | ३७४१३४ | २६.१ | १९.२ | २७.८ |
| मधेश प्रदेश | ३०८४९१३ | ८२२५९९ | १७९०८८ | २४.२ | २६.५ | १३.३ |
| बागमती प्रदेश | १३०९०९१ | ६६८६७२ | १९७७६७ | १०.३ | २१.५ | १४.७ |
| गण्डकी प्रदेश | १२५१२२१ | २८२१९९ | १८०९७५ | ९.८ | ९.१ | १३.५ |
| लुम्बिनी प्रदेश | २०१७७७५ | ३४११५२ | १३९०२५ | १५.९ | ११.० | १०.३ |
| कर्णाली प्रदेश | ५३४७४९ | १४३५४२ | १०६४१५ | ४.२ | ४.६ | ७.९ |
| सुदूरपश्चिम प्रदेश | १२०६३१९ | २५००९१ | १६७२४१ | ९.५ | ८.१ | १२.४ |
| **कुल** | **१२७२६९०२** | **३१०६०३३** | **१३४४६४६** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

खाद्य तथा अन्य बालीको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २६.१ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२ प्रतिशत रहेको छ । तरकारी तथा बागवानी उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २६.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.६ प्रतिशत रहेको छ । यसैगरी, फलफूल तथा मसला बालीको उत्पादनमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २७.८ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ७.९ प्रतिशत रहेको छ ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा अवधिमा दूध उत्पादन ४.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा दूध उत्पादन २.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मासु उत्पादन ५.१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा मासु उत्पादन ४.६ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा अण्डा उत्पादन ७.५ प्रतिशत र उन उत्पादन ६.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा अण्डा उत्पादन १.७ प्रतिशत र उन उत्पादन ७.४ प्रतिशतले घटेको थियो ।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन ४.३ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा माछा उत्पादन १.१ प्रतिशतले बढेको थियो।


**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठको उत्पादन २३.७ प्रतिशतले बढेको छ भने दाउरा उत्पादन ५.६ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन १२.२ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा काठ उत्पादन ०.१ प्रतिशत, दाउरा ४.६ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ६८.९ प्रतिशतले बढेको थियो। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ३ (समग्र तथा प्रदेशगत) मा दिइएको छ।

**तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन**

| प्रदेश | उत्पादन | | | | हिस्सा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| प्रदेश नं. १ | ३२२३२८ | ५७६९७ | १२३५७१ | ५५६५ | १८.६ | १६.९ | १२.३ | ७.८ |
| मधेश प्रदेश | २६८३३८ | ४७७६२ | ५३९५७ | २०४९७ | १५.५ | १४.० | ५.४ | २८.९ |
| बागमती प्रदेश | ३६४४००.३६ | ५५४२४.५८ | ३४७५०१ | ४७२३.३२ | २१.० | १६.२ | ३४.६ | ६.७ |
| गण्डकी प्रदेश | २१५१६२ | ३८००५ | ९७४२४ | १२३३१ | १२.४ | ११.१ | ९.७ | १७.४ |
| लुम्बिनी प्रदेश | ३३१३९९ | ७४०८४ | ९६७५७ | ६९९४ | १९.१ | २१.७ | ९.६ | ९.९ |
| कर्णाली प्रदेश | १५७३९३ | ३३६२७ | २१२०९३ | ३४ | ९.१ | ९.८ | २१.१ | ०.०४ |
| सुदूरपश्चिम प्रदेश | ७५९९६ | ३५५६२ | ७२४२० | २०८१७ | ४.४ | १०.४ | ७.२ | २९.३ |
| **कुल** | **१७३५०१८** | **३४२१६२** | **१००३७२५** | **७०९६१** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

दूध उत्पादन बागमती प्रदेशमा सबैभन्दा बढी (२१.० प्रतिशत) भएको छ भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम (४.४ प्रतिशत) उत्पादन भएको छ। मासु उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा सबैभन्दा बढी (२१.७ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (९.८ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३४.६ प्रतिशत) र मधेश प्रदेशको हिस्सा सबैभन्दा कम (५.४ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा बढी (२९.३ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशमा माछाको उत्पादन नगन्य रहेको छ।

**चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा (प्रतिशतमा)**





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु*

## ३.४ सिँचाई

समीक्षा अवधिमा कुल सिञ्चित क्षेत्रफलमा १.६ प्रतिशतले बृद्धि भएको छ। गत वर्षको सोही अवधिमा पनि कुल सिञ्चित क्षेत्रफल १.६ प्रतिशतले बढेको थियो। कुल खेती गरिएको भू-भागमध्ये ४१.६ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। देशको कुल खेतीयोग्य क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी (२२.५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.६ प्रतिशत) रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ४ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

चार्ट ३.४ : सिंचाई क्षेत्रमा भएको विस्तार (हेक्टरमा)




*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाईमन्त्रालय, जलस्रोत तथा सिँचाईविकास डिभिजन कार्यालयहरु*

देशको कुल सिञ्चित क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी (२५.५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.६ प्रतिशत) रहेको छ (तालिका ३.४)।

**तालिका ३.४ सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा**


| प्रदेश | क्षेत्रफल (हेक्टरमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश नं. १ | ३०४,५२४.६० | २५.५ |
| मधेश प्रदेश | २९४,५९९.७५ | २४.७ |
| बागमती प्रदेश | ११०,५८३.०० | ९.३ |
| गण्डकी प्रदेश | १४५,६६३.६५ | १२.२ |
| लुम्बिनी प्रदेश | १९७,३४३.५० | १६.५ |
| कर्णाली प्रदेश | ४३,३७५.८० | ३.६ |
| सुदुरपश्चिम प्रदेश | ९८,३८८.२८ | ८.२ |
| **जम्मा** | **१,१९४,४७८.५८** | **१००.०** |

*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा ९.२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब १ अर्ब ६५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २२.८ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी (रु.७७ अर्ब ८१ करोड) कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम (रु.१० करोड ७२ लाख) सिँचाईमा प्रवाह भएको छ। सम्बन्धित प्रदेशमा रहेका बैंक तथा वित्तिय संस्थाहरुबाट भएको लगानीका आधारमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश प्रदेश नं. १ मा १७.३ प्रतिशत, मधेश प्रदेशको अंश १६.६ प्रतिशत, बागमती प्रदेशको अंश ३४.३ प्रतिशत, गण्डकी प्रदेशको अंश ९.८ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.६ प्रतिशत, कर्णाली प्रदेशको अंश १.५ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ४.९ प्रतिशत रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ५ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

चार्ट ३.५ : कृषि कर्जामा प्रदेशगत हिस्सा (प्रतिशतमा)




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु ।*

## ३.६ सहुलियतपूर्ण कृषि कर्जा

२०७८ पुस मसान्तसम्म सहुलितपूर्ण कर्जातर्फ १ लाख ४० हजार ५ सय २१ ऋणीलाई रु.२ खर्ब १४ अर्ब ऋण लगानीमा रहेको छ । सो अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यवसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ५७ हजार ६ सय २६ ऋणीलाई रु.१ खर्ब ३६ अर्ब १ करोड कर्जा बाँकी रहेको छ भने बाँकी शीर्षकहरु अन्तर्गत ८२ हजार ८ सय ९५ ऋणीको रु.७७ अर्ब ५७ करोड कर्जा बक्यौता रहेको छ (तालिका ३.५) ।

**तालिका ३.५ : सहुलियतपूर्ण कर्जाको विवरण**

| कर्जा प्रकार | ऋणी संख्या | | | बाँकी कर्जा (रु.दश लाखमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७७ असार | २०७८ असार | २०७८ पुस | २०७७ असार | २०७८ असार | २०७८ पुस |
| व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | २४,७६३ | ४६,०५७ | ५७,६२६ | ५४,११४.१ | १०६,९७८.४ | १३६,०१०.७ |
| शिक्षित युवा स्वरोजगार कर्जा | ६५ | १४० | १५३ | ३५.२ | ६३.७ | ६२.७ |
| विदेशवाट फर्केका युवा परियोजना कर्जा | २२१ | ८३९ | ९५२ | १५१.७ | ५९८ | ६३१.५ |
| महिला उद्यमशील कर्जा | ६६८२ | ५५५५१ | ८००६१ | ४,३५३.५ | ५०,९८४.४ | ७३,८५४.२ |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ३५१ | ९६५ | १०९७ | १८५.३ | ५७२.९ | ६२७.२ |
| उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा | ८४ | १११ | १४० | २०.० | २५.३ | ३५.२ |
| भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा | २२१ | २३१ | २१८ | ५७.७ | ४९.४ | ३९.९ |
| कपडा उद्योग सञ्चालन | ६१ | २१० | २४९ | ६४८.५ | २,१६२.५ | २,३११.९ |
| प्राविधिक तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त सदस्यबाट लिइने तालिम | - | २ | २ | - | ०.४ | ०.३ |
| युवा स्वोरोजगार कर्जा | - | ३ | २३ | - | १.१ | ८.० |
| **कुल** | **३२,४४८** | **१०४,१०९** | **१४०,५२१** | **५९,५६३.०** | **१६१,४३६.२** | **२१३,५८१.६** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु ।*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकीकरण गर्नु, कृषि उपजको बजार तथा न्यूनतम मूल्य सुनिश्चित गर्नु, समयमा मल, बीऊ लगायत कृषि आगतको व्यवस्थापन गर्नु, दिगो सिँचाई सुविधा विस्तार गर्नु, निर्माणाधीन सिँचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्नु, नेपाल व्यापार एकीकृत रणनीति–२०१६ ले पहिचान गरेका तुलनात्मक लाभ भएका कृषि उपजको पहिचान, उत्पादन, विविधीकरण र बजारीकरण गर्नु, बाढी, पहिरो लगायतका प्राकृतिक प्रकोपका कारण बालीनाली, पशुचौपाया तथा कृषियोग्य भू-भागमा पुग्ने क्षति र ढुवानीमा हुने असहजतालाई न्यूनीकरण गर्नु, कृषिमा अनुसन्धान, प्रविधि तथा प्राविधिकको प्रयोग गरी कृषिको उत्पादकत्व वृद्धि गर्नु, कृषि पेशालाई सम्मानित बनाई युवा जनशक्तिलाई श्रम, सीप, तथा पुँजी सहित यो क्षेत्रमा आकर्षित गर्नु, जलवायु परिवर्तनका कारण बेमौसमी वर्षा, बाढी, पहिरो, असिना, हावाहुरी जस्ता प्राकृतिक प्रकोपको पूर्वानुमान गरी कृषि तथा पशुपन्छीमा पर्न जाने असर आदि न्युनीकरण गर्नु लगायतका चुनौतीहरु सबै प्रदेशमा समान प्रकृतिका रहेका छन् । यस वाहेक प्रदेशगतरुपमा रहेका चुनौतीहरुलाई तालिका ३.६ मा दिइएको छ ।

**तालिका ३.६ : कृषि क्षेत्रको प्रदेशगत चुनौती**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| प्रदेश नं. १ | • खुला सिमानाको कारण कृषिजन्य उपजहरुको अत्यधिक चोरी पैठारी हुने हुँदा उत्पादित कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्नु र सोको कार्यान्वयन गर्नु ।<br>• कृषकमैत्री बाली तथा पशु वीमा सेवा सम्बन्धी नीति तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु ।<br>• शीत भण्डारको निर्माण तथा उपलब्ध शीतभण्डारको पूर्णक्षमतामा उपयोग गरी वे-मौसमी तरकारी र फलफूलहरुको उत्पादन तथा बजारीकरण गर्नु । |
| मधेश प्रदेश | • प्रदेशमा रहेका लाखौं हेक्टर खेतीयोग्य जमिनमा माटोको उर्वराशक्ति बढाउन सामूहिक खेतीमा जोड दिई कृषि उत्पादकत्व वृद्धि गर्नु ।<br>• मधेश प्रदेशका धनुषा लगायत अन्य जिल्लाहरु माछापालनका लागि सुपर जोनकोरुपमा रहेकोले यी क्षेत्रहरुमा उत्पादनशीलता बढाउनका लागि पूर्वाधार निर्माण, भुरा पालन तथा बजारीकरणको लागि थप सहुलियतहरु उपलब्ध गराउनु ।<br>• मधेश प्रदेश धानको पकेट क्षेत्र रहेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भएपनि भारतबाट कमसल प्रकारका बीउको अनधिकृत आयात हुने गरेकोले त्यस्तो आयातलाई निरुत्साहन गर्दै बिउबिजन उपलब्ध गराउनु . |
| बागमती प्रदेश | • पराल, गोबर तथा मलको व्यवस्थापन, व्यवस्थित चरणक्षेत्र, उन्नत जातको घाँस लगायत कृषकलाई आवश्यक पर्ने सामाग्रीको मूल्य निर्धारण गरी सहजरुपमा उपलब्ध गराउनु ।<br>• व्यवसायिक कृषि फार्महरुलाई उन्नत प्रकारको फलफुल तथा तरकारीका बिउ विरुवाको पर्याप्त उपलब्धता देशभित्र नभएकोले भारत हुँदै भित्रिने अनधिकृत आयात रोकी देशभित्रै सहजरुपमा त्यस्ता बिउ तथा विरुवाहरु उपलब्ध गराउनु ।<br>• माटोको जाँच गरी जमिनको वर्गीकरण, माटोको प्रकार अनुसारको मल तथा बिउबिजन र आवश्यकता अनुसार प्राविधिक सहयोग पुऱ्याएर जमिनको उत्पादकत्व वृद्धि गर्नु । |

| | |
|---|---|
| गण्डकी प्रदेश | • यस प्रदेशका स्याङ्जा, बाग्लुङ, पर्वत, गोरखा आदि जिल्लाहरुमा बाँदरले बाली नष्ट गर्ने तथा क्षति पुऱ्याउने गरेकाले जग्गा जमिन बाँझो राख्ने प्रवृत्ति बढेको । बाँदरका कारण बाली नष्ट हुने प्रवृत्तिलाई रोक्नु ।<br>• उत्पादनको सम्भावना राम्रो भएको स्याऊ, सुन्तला, कफी लगायतका कृषि उत्पादनमा न्यूनतम आधार मूल्य कायम गरी बिचौलियाहरुको उपस्थिति कम गर्नु र कृषकलाई उचित प्रतिफल पाउने व्यवस्था सुनिश्चित गर्नु ।<br>• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत गण्डकी प्रदेशको स्याङ्जा, पर्वत, गोरखा लगायतका जिल्लामा सञ्चालनमा रहेका कृषि पकेट, ब्लक, जोन र सुपर जोन कार्यक्रमहरुबाट अपेक्षित प्रतिफल प्राप्त गर्नु । |
| लुम्बिनी प्रदेश | • कृषि क्षेत्रमा संस्थागत लगानी बढाउनु ।<br>• कृषि, पशुजन्य एवं विभिन्न उत्पादनहरुसँग सम्बन्धित सरोकारवाला व्यवसायिक कृषक, कृषक समूह, कृषि सहकारी, गैरसरकारी संघसंस्थाहरुसँगको समन्वय तथा उपलब्ध हुन सक्ने प्राविधिक सम्भाव्यताको आधारमा कार्यक्रमहरुको छनौट, कार्यान्वयन र प्रवर्द्धन गर्नु ।<br>• आधुनिक एवं व्यवसायिक कृषि गर्न चाहने किसानको लागि प्रर्याप्त मात्रामा प्राविधिक ज्ञान तथा कृषिविज्ञहरु उपलब्ध गराउनु । |
| कर्णाली प्रदेश | • स्थानीय उत्पादनको प्रवर्द्धन र संरक्षणका लागि आवश्यक स्थानीय बिउबिजनको संरक्षण गर्नु ।<br>• प्राङ्गारिक कृषि, जडिबुटी लगायतका प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी व्यवसायिक खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्नु ।<br>• वैदेशिक रोजगारीका क्रममा हाँसिल गरेका कृषिसम्बन्धी ज्ञान तथा सीपहरुलाई प्रयोग गरी सामूहिक कृषि खेतीतर्फ आकर्षित गराउनु । |
| सुदूरपश्चिम प्रदेश | • बसाई सराईका कारण बाँझो हुँदै गएको पहाडी जिल्लाहरुको खेतीयोग्य जमिनहरुलाई लिज एवम् करार खेतीमार्फत श्रम र सिप हुनेहरुमा पहुँच पुऱ्याई तथा प्रयोगमा ल्याई कृषि उत्पादन बढाउनु ।<br>• खाद्य सुरक्षामा सुनिश्चितता प्रदान गरी सुदूरपश्चिम प्रदेशमा भोकमरीको अवस्था सुधार गर्नु ।<br>• गुणस्तरीय बीउवीजन उपलब्ध गराउने एवम् बीउको बढ्दो मागको आपूर्ति गर्ने, बिउवीजन उत्पादन तथा सुरक्षा सम्बन्धी पूर्वाधार सुदृढीकरण गर्नु । |

### ३.७.२ सम्भावना

भौगोलिकरुपमा सानो मुलुक भएपनि मौसमी तथा भौगोलिक विविधताले कृषि व्यवसायको प्रचुर सम्भावना रहेको छ । तराइको मलिलो माटो र खेतीयोग्य हावापानीले अन्नबाली तथा नगदेबालीबाट प्रशस्त फाइदा लिने सम्भावना रहेको छ भने हिमाली तथा पहाडी भेगमा फलफुल तथा जडिबुटी खेतीबाट तुलनात्मक लाभ लिने सम्भावना रहेको छ । जनसंख्याको हिसाबले देशमा युवाको संख्या बढी रहेको, सरकारको बजेट तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्रोत्साहन गरेको, वैदेशिक रोजगारीबाट फर्केका युवाहरुले सिकेका सीप तथा ज्ञानलाई गाउँमै उपयोग गर्ने सौंच बढ्दै गएको, बैंक तथा वित्तीय क्षेत्रले कृषि क्षेत्रतर्फको कर्जा प्राथमिकतामा राखेको, सञ्चार तथा यातायातका सञ्जाल बढ्दै गएको, विद्युत आपूर्ति सहज भएको, आन्तरिक माग बढेको जस्ता कारणले कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरण गर्न सकिने सम्भावना रहेको छ। यसका अतिरिक्त प्रदेशगतरुपमा रहेको सम्भावनाहरुलाई तालिका ३.७ मा दिइएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रको प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • माटोको उर्वराशक्ति बढाउन कृषि बाली अनुसारको मल उत्पादन गर्ने Chemical Fertilizer Mixing Factory स्थापना गर्न सकेमा माटोको उर्वराशक्ति बचाउन सकिने ।<br>• पहाडी क्षेत्रका बाँझो जमिनमा हर्रो, बर्रो, अमला, बेल तथा रिट्ठा जस्ता वनजन्य उत्पादनको व्यावसायिक खेती गरी आयुर्वेदिक औषधिका लागि कच्चा पदार्थ उत्पादन गरी औषधिजन्य कच्चा पदार्थको आन्तरिक उत्पादन बढाउन सकिने ।<br>• यस प्रदेशको उच्च हिमाली भेगमा प्रशस्त मात्रामा खर्क, चौर तथा चरन क्षेत्र भएकाले पशुपालन (चौरीपालन, भेडापालन, बाख्रापालन) तथा जडिबुटी (चिराइतो, पाँचऔले, जटामसी, पाषणभेद जस्ता) खेतीको प्रवर्द्धन तथा पहाडी भेगमा किवी, नासपाती, आरुबखडा, आल्चा जस्ता फलफूलहरुबाट उत्पादन हुने वाइन, जाम, जुस र जेली उद्योग स्थापना गर्न सकिने ।<br>• कोदो, फापर तथा मकैको पिठो, जौ तथा मकैको सातु, वेसार, अलैची, गेडागुडीको दाल, घीउ, सिस्नोको धुलो, कफी, तरकारी, फलफूल, खसीबोका र लोकल कुखुरा जस्ता अर्गानिक कृषिजन्य उपजको आन्तरिक तथा संसारका विभिन्न मुलुकमा वसोवास गर्ने नेपालीको समेत अत्यधिक माग रहेकोले यस प्रदेशको मध्य पहाडी क्षेत्रलाई उक्त उपजहरुको उत्पादन हबकोरुपमा विकास गर्न सकिने । |
| मधेश प्रदेश | • यस प्रदेशमा वैदेशिक रोजगारीको लागि विदेश जाने युवाहरुको संख्या धेरै रहेकोले वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व वृद्धि गर्न सकिने ।<br>• यस प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै बजारमा उच्च खपतको सम्भावना रहेको ।<br>• उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेती समेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दुधजन्य पदार्थको उत्पादन बढाई राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने । |
| बागमती प्रदेश | • यस प्रदेशको भित्री मधेश र बेँसी क्षेत्रमा धान, मकै र गहुँ तथा पहाडी र हिमाली क्षेत्रमा मकै, कोदो, जौ र आलु बढी उत्पादन हुने गरेकोले Cornflakes, Chips, Wheatflakes, Pancake जस्ता बजारमा धेरै उपभोग हुने र थोरै लागतमा त्यस्ता वस्तु उत्पादन गर्न सकिने उद्योग स्थापना गर्न सकिने ।<br>• भौगोलिक विविधता तथा तुलनात्मकरुपमा ठूला बजारमा पहुँच भएको कारण यस प्रदेशमा पुष्प खेतीको लागि उच्च सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • गण्डकी प्रदेशमा विभिन्न कृषि उत्पादनको सम्भावना भएका चेपेटार, हाँडीटार, राइनसटार तथा अन्य टारहरुमा लिफ्ट सिँचाईमार्फत सिँचाईको पहुँच पुऱ्याउन सकिएमा कृषि उत्पादनमा वृद्धि हुने सम्भावना रहेको । |

| | |
|---|---|
| | • मनाङ र मुस्ताङ जिल्लामा व्यवसायिक स्याउ खेती तथा अन्य पहाडी जिल्लाहरु (कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वत) मा व्यवसायीक सुन्तला खेतीको उच्च सम्भावना रहेको ।<br>• होटल व्यवसायीहरुलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तर आबद्धता बढी हुने दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहको ।<br>• प्रदेशमा रहेका ताल तलैया तथा नदी नालाहरुबाट कुलो/नहरमा आधारित आधुनिक सिँचाई सुविधा उपलव्ध गराउन सकिने पर्याप्त सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशमा सिञ्चित क्षेत्रफल ४४.१३ प्रतिशत रहेको, दुध, मासु, अण्डा लगायतका कृषिजन्य उत्पादन बढेको, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अर्न्तगत २७ वटा जोन र ५ वटा सुपरजोनमा उन्नत बीउबिजन, प्राविधिक सहयोग र सहुलियत ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने राष्ट्रिय नीति रहेको एवं निर्माण सम्पन्न हुने क्रममा रहेका १० थान वटा शीत भण्डारणले कृषि उत्पादन तथा कृषि पेशामा आकर्षण बढने सम्भावना रहेको ।<br>• यस खाद्यान्न वालीको वीउ व्यवसायीकरणबाट प्रदेश आत्मनिर्भर तथा अन्तर प्रदेश निर्यातको लागि सम्भावना रहेकोले सोलाई प्रदेश गौरव आयोजनाको रुपमा प्रवर्द्धन गर्न सकिने ।<br>• प्रदेशका सबै पालिकाहरु सडक यातायातको पहुंचमा रहेकाले कृषि उपजहरु सजिलै बजारसम्म पुऱ्याउन सकिने अवस्था रहेको । |
| कर्णाली प्रदेश | • प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएकोले यसको विकास तथा प्रवर्द्धन गर्दै अर्थोपार्जनको मुख्य स्रोतकोरुपमा विकास गरी प्रचुर मात्रामा रोजगारी सिर्जना गर्न सकिने ।<br>• यो प्रदेश कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटीसम्बन्धी उधोग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने ।<br>• यस प्रदेशमा रहेका जलसम्पदाहरु जस्तै कर्णाली, भेरी लगायतका ठूला नदीहरु, खहरे खोला, मुल पोखरी जस्ता स्रोतहरुको यथोचित प्रयोग गरी सिँचाईसुविधाको विस्तारमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कैलाली, कञ्चनपुर र डडेल्धुरामा क्रमशः धान, गहुँ र आलुको सुपरजोन तथा कैलालीमा तेलहन बाली, डडेल्धुरामा भटमास, बैतडीमा मकै, बाजुरामा जैतुन, दार्चुलामा स्याउ/ओखर, अछाम र बझाङमा आलु र डोटीमा अदुवा र बेसार जोनको सञ्चालनले प्रदेश यी प्रमुख बालीहरुमा आत्मनिर्भर भई निर्यात समेत प्रवर्द्धन गर्न सकिने ।<br>• यस प्रदेशका पहाडी जिल्लाहरुमा डालेघाँसको लागि उपयुक्त हावापानी रहेकोले बाखा लगायत अन्य पशुपालनको लागि उपयुक्त रहेको । |

| | |
|---|---|
| | • राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको रानीजमरा कुलरिया सिँचाई आयोजना निर्माणको अन्तिम चरणमा रहेकोले कैलाली जिल्लाको तराई भू-भागमा सिँचाई सुविधामा विस्तार भई तरकारी लगायतका अन्य खाद्यबालीको उत्पादनमा वृद्धि हुन सक्ने ।<br>• यस प्रदेशमा रैथाने प्रजाती जोरायली बास्मती चामल हाल लोपोन्मुख अवस्थामा रहेकोले संरक्षण गरी उच्च मूल्यमा निर्यात गर्न सकिने । |

## परिच्छेद ४
# उद्योग क्षेत्र

### ४.१ प्रदेश अनुसार उद्योगको विवरण

देशभर घरेलु, साना, मझौला र ठूला गरी ८ हजार ६ सय १० उद्योगहरु उद्योग विभागमा दर्ता रहेका छन् । उद्योग विभागको तथ्याङ्क अनुसार बागमती प्रदेशमा सबैभन्दा बढी (५ हजार ६ सय ९३) उद्योग दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम (३९ उद्योग) दर्ता भएका छन् (तालिका ४.१) ।

**तालिका ४.१: उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको संख्या | कुल पुँजी (रु अर्बमा) | कुल स्थिर पुँजी (रु अर्बमा) | चालु पुँजी (रु अर्बमा) | रोजगारी |
|---|---|---|---|---|---|
| प्रदेश नं १ | ८३२ | ५४७.८७ | ५१४.५९ | ३३.२९ | ८३,८५५ |
| मधेश प्रदेश | ५९५ | १३४.२७ | ९७.९७ | ३६.७७ | ६०,४५७ |
| बागमती प्रदेश | ५,६९३ | ९१०.९४ | ७८९.६७ | १२१.४२ | ३८२,२०७ |
| गण्डकी प्रदेश | ८०९ | ५५६.९३ | ५२७.३२ | २९.६० | ५०,५२० |
| लुम्बिनी प्रदेश | ५१७ | १६५.४४ | १३५.०२ | ३०.४२ | ५२,४०६ |
| कर्णाली प्रदेश | ३९ | ११४.७५ | ११२.९४ | १.८० | २,४५० |
| सुदूरपश्चिम प्रदेश | १२५ | ४३.९५ | ३९.५४ | ४.४० | ११,३३७ |
| **कुल** | **८,६१०** | **२४७४.१** | **२२१७.१** | **२५७.७** | **६,४३,२३२** |

*स्रोत : उद्योग विभाग*


### ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका १५४ उद्योगको औसत क्षमता उपयोग ४८.३ प्रतिशत रहेको छ । सर्वेक्षणमा समेटिएका उद्योगमध्ये कंक्रीट उद्योगले सबैभन्दा बढी (९४.६ प्रतिशत) क्षमता उपयोग गरेको देखिएको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ६ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

अध्ययनले समेटेका उद्योगहरुमध्ये तोरीको तेल, भटमासको तेल, पशुदाना, विस्कुट, चाउचाउ, प्रशोधित चिया, हल्का पेय पदार्थ, धागो, सिन्थेटिक कपडा, गार्मेन्ट, प्रशोधित छाला, रंग, औषधी, कंक्रीट, फलामको छड तथा पत्ति, घरेलु धातुका सामान, आल्मुनियम र टायर तथा ट्यूबको क्षमता उपयोग बढेको छ भने वनस्पती घ्यू, प्रशोधित दूध, चामल, गहुँको पिठो, चिनी, मदिरा, वियर, चुरोट, पश्मिना, कागज (अखबारी कागजबाहेक), रोजिन, साबुन, प्लाष्टिकका सामान, ईट्टा, सिमेन्ट, जि.आई.तार, बिजुलीका तार र केबुलको क्षमता उपयोग घटेको छ ।

लुम्बिनी प्रदेशका उद्योगहरुको क्षमता उपयोग सबैभन्दा बढी (५२.६ प्रतिशत) रहेको छ भने सुदूरपश्चिम प्रदेशमा संचालित उद्योगहरुको क्षमता उपयोग सबैभन्दा कम (४०.३ प्रतिशत) रहेको छ (चार्ट ४.१) । कर्णाली प्रदेशका उघोगहरु नमुना छनौटमा नपरेको हुँदा यस अध्ययनमा समावेश भएको छैन ।

**चार्ट ४.१: प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु*


प्रदेश नं. १ मा वनस्पति घ्यू तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट लगायतको उत्पादन प्रमुख रहेको छ भने मधेश प्रदेशमा कागज, चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति; बागमती प्रदेशमा प्रशोधित दूध, पशुदाना, पश्मिना, तयारी पोशाक, औषधि; गण्डकी प्रदेशमा विस्कुट, चाउचाउ; लुम्बिनी प्रदेशमा तोरीको तेल, गहुँको पिठो, वियर, औषधि, सिमेन्ट तथा सुदूरपश्चिम प्रदेशमा गहुँको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुको उत्पादन हुने गरेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

२०७८ असार मसान्तको तुलनामा २०७८ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ५.५ प्रतिशतले वृद्धि भई रु.१४ खर्ब ४३ अर्ब १९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.३ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३१.० प्रतिशत रहेको छ ।

औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा ०.७ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा १६.४ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३६.८ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा २५.३ प्रतिशत, विद्युत ग्यास तथा पानीसम्बन्धी उद्योगमा १५.४ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिकसम्बन्धी उद्योगमा ५.४ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**चार्ट ४.२ : औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा))**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

सम्बन्धित प्रदेशमा रहेका बैंक तथा वित्तिय संस्थाहरुबाट भएको लगानीका आधारमा औद्योगिक कर्जामध्ये बागमती प्रदेशको सबैभन्दा बढी रु.९ खर्ब ७३ अर्ब १३ करोड (६७.४ प्रतिशत) कर्जा लगानीमा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.४ अर्ब ८५ करोड कर्जा (०.३ प्रतिशत) लगानी रहेको छ (तालिका ४.३) ।


**तालिका ४.३ : प्रदेशगत औद्योगिक कर्जा**

| प्रदेश | रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| प्रदेश नं. १ | १४४३३९.५० | १०.० |
| मधेश प्रदेश | ११२३४५.६६ | ७.८ |
| बागमती प्रदेश | ९७३१२७.५७ | ६७.४ |
| गण्डकी प्रदेश | ५०९२५.४३ | ३.५ |
| लुम्बिनी प्रदेश | १३०३२३.६६ | ९.० |
| कर्णाली प्रदेश | ४८५४.९० | ०.३ |
| सुदूरपश्चिम प्रदेश | २७२७८.२७ | १.९ |
| **कुल** | **१४४३१९४.९८** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

औद्योगिक कर्जामा प्रदेश नं. १ मा प्रवाहित कर्जाको हिस्सा १०.० प्रतिशत, मधेश प्रदेशको ७.८ प्रतिशत, बागमती प्रदेशको ६७.४ प्रतिशत, गण्डकी प्रदेशको ३.५ प्रतिशत, लुम्बिनी प्रदेशको ९.० प्रतिशत, कर्णाली प्रदेशको ०.३ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा प्रवाहित कर्जाको हिस्सा १.९ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.३ : औद्योगिक कर्जामा प्रदेशगत हिस्सा (प्रतिशत)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## बक्स नं. २ : अनौपचारिक (दर्ता नभएको) प्रतिष्ठानको विवरण

नेपालमा कुल प्रतिष्ठानको संख्या ९,२३,०२७ रहेकोमा दर्ता भएको प्रतिष्ठानको संख्या ४,६२,६०५ जुन कुल प्रतिष्ठानको ५०.१ प्रतिशत रहेको छ । प्रदेशगत रुपमा मधेश प्रदेशमा अनौपचारिक प्रतिष्ठानको हिस्सा सबैभन्दा बढी (६४.६ प्रतिशत) रहेको छ । औद्योगिक वर्गिकरण अनुसार अनौपचारिक प्रतिष्ठानहरुमा थोक तथा खुद्रा; मोटर तथा मोटरसाइकल मर्मतको हिस्सा सबैभन्दा बढी (करिब ६०.५४ प्रतिशत) रहेका छन् ।

**प्रदेशगत दर्ता भएको र दर्ता नभएको प्रतिष्ठान**




*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.४.१. चुनौती

विश्व अर्थतन्त्रमा युद्धको असरबाट पेट्रोलियम पदार्थ, गँहु, मकै, चिनी, सूर्यमुखी तथा पामतेल लगायतका औद्योगिक कच्चा पदार्थको आपूर्ति श्रृङ्खलामा देखा परेको अवरोधको असर न्युनीकरण गर्नु, तरलता समस्या तथा नगद मार्जिन लगायतका व्यवस्थाका कारण स्रोत व्यवस्थापन गरी उद्योग सञ्चालन सुचारु गर्नु, विद्युत आपूर्ति व्यवस्थामा सुधार ल्याउनु, उद्योग स्थापना तथा सञ्चालनको लागतमा कमी ल्याउनु, निर्यातयोग्य वस्तुहरुको विविधिकरण गर्नु, बढ्दो आयातका कारण स्वदेशी उद्योग प्रतिस्थापन हुनबाट संरक्षण गर्नु, उद्योगको क्षमताको उपयोग बढाई उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नु, एकल बिन्दु सेवाको कार्यान्वयन, प्रविधिको उपयोग, विद्युतीय सेवा र विद्युतीय भुक्तानी कारोबारको अधिकतम प्रवर्द्धन, सीप र क्षमता भएका दक्ष जनशक्ति तयार गर्नु, जनशक्ति पलायनको क्रमलाई रोकी उद्योगतर्फ आकर्षित गर्नु, कृषिजन्य तथा अन्य औद्योगिक उत्पादनको लागि आवश्यक कच्चा पदार्थको आन्तरिक उत्पादन वृद्धि गरी समग्र औद्योगिक उत्पादन वृद्धि गर्नु, विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्र तथा औद्योगिक पूर्वाधारका लागि नियमित बजेटको व्यवस्थापन गर्नु, निर्यातमुलक उद्योगमा प्रत्यक्ष विदेशी लगानी आकर्षण गर्नु आदि उद्योग क्षेत्रमा देखिएका प्रमुख चुनौतीकारुपमा रहेका छन् ।

**तालिका ४.५ : उद्योग क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| प्रदेश नं. १ | • छुर्पी, चिया, अलैंची लगायतका नेपालका उत्पादन अन्य देशको ब्राण्डकारुपमा तेस्रो मुलुक निकासी हुने गरेकोले नेपाली ब्राण्डकारुपमा निर्यात गर्नु ।<br>• कबाडीकारुपमा संकलन गरिएका औद्योगिक कच्चा पदार्थ अवैधरुपमा भारततर्फ निकासी हुने गरेकोले खुला सिमाना व्यवस्थित गरी उक्त कच्चा पदार्थ नेपालकै उद्योगले प्राप्त गर्ने अवस्था सृजना गर्नु । |
| मधेश प्रदेश | • उखु किसान तथा चिनी उद्योगीहरुको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर बनाउनु ।<br>• सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरु बाहेक अन्य ठूला उद्योगहरु सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरु सञ्चालन हुने वातावरण तयार पार्नु । |
| बागमती प्रदेश | • ठूला शहरहरुमा फोहोर तथा पानीको व्यवस्थापन गर्ने गरी साना तथा मझौला उद्योग स्थापना र संचालन गर्नु ।<br>• स्थिर भु-उपयोग नीति बनाई सरकारी जग्गा उद्योगलाई लिजमा दिनसक्ने व्यवस्था गर्नु । |
| गण्डकी प्रदेश | • उद्योग क्षेत्रसँग सम्वन्धित सरोकारवाला निकायहरुबीच समन्वय गरी प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्नु । |
| लुम्बिनी प्रदेश | • सिमेन्ट उद्योगहरुका खानी उत्खनन् कार्यका कारण चुरे क्षेत्र भासिने/मासिने, पानीका मुल सुक्ने, वायु प्रदुषण बढ्ने लगायतका प्रभावलाई न्यूनीकरण गर्नु ।<br>• खानिजन्य सामानहरुको ओसारपसारमा टिपरहरुको बाक्लो आवत जावतका कारण क्षतिग्रस्त सडकलाई नियमित मर्मत गर्नु र यातायातमा जाम तथा दुर्घटना न्यूनीकरण गर्नु । |

| | |
|---|---|
| कर्णाली प्रदेश | • प्रदेशमा रहेको कुल जनशक्तिको अधिक हिस्सा अदक्ष रहेकाले उक्त जनशक्तिलाई दक्ष तथा प्राविधिक जनशक्तिकोरुपमा विकास गर्नु ।<br>• यस प्रदेश भौगोलिकरुपमा विकट भएकोले भौतिक पूर्वाधारहरु जस्तै यातायात, विद्युत्, सञ्चार तथा मोटर बाटोको सहज पहुँचको विकास गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • औद्योगिक असुरक्षा, असहज श्रम सम्वन्ध, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी लगायतका समस्याको सम्बोधन गर्नु । |

## बक्स नं. ३ : नेपालमा प्लाष्टिक उद्योगको अवस्था

नेपालमा प्लाष्टिक उद्योग ठूलो सम्भावना बोकेको उद्योग हो । हाल ४०० वटा प्लाष्टिक उद्योगहरु दर्ता भएका छन् जसले ५० हजार भन्दा बढीलाई रोजगारी प्रदान गरेको छ। यो उद्योग कोरोना अघिको समायावधिमा ५ वर्ष दोहोरो अंकमा वार्षिक १० प्रतिशत वृद्धि भइरहेको थियो । अझैपनि अनौपचारिकरुपमा ३०० देखि ३५० उद्योगहरु संचालनमा रहेका छन् । भारत, संयुक्त अरब इमिरेट्स, चीन, साउदी अरब लगायतका मुलुकहरुबाट प्लाष्टिकका दाना आपूर्ति गरी उद्योगले २० प्रतिशतभन्दा अधिक मुल्य अभिवृद्धि गरी नयाँ सामाग्री उत्पादन गरी विक्रि वितरण गर्छ । २० अर्ब माथी लगानी रहेको प्लाष्टिक उद्योगले ८० प्रतिशतभन्दा अधिक स्वदेशी माग धानेको छ । मेडिकल सामाग्री तथा प्लाष्टिकका विशिष्टिकृत सामानहरु भने आयात गर्ने गरिएको छ ।

**प्लाष्टिक उद्योगमा रहेका केही चुनौतीहरु**

- कच्चा पदार्थ आयातमा १० प्रतिशत भन्सार दर रहेको छ भने तयारी वस्तु आयातमा ४ प्रतिशत भन्सार दर रहेको छ जसले गर्दा कच्चा पदार्थ आयात गरी उत्पादन गर्नुभन्दा आयातित प्लाष्टिकका सामान सस्तो पर्ने भएकाले स्वदेशी उद्योगलाई आयातित उत्पादनसँग प्रतिर्स्पधा गर्न कठिन हुने देखिन्छ ।
- नेपालमा प्लाष्टिकको व्यवस्थापन नहुनु, रिसाइकल, र पुनः प्रयोग नगर्नुले वातावरणीय असर बढाएको छ जसले गर्दा प्लाष्टिक प्रयोगमा प्रतिबन्ध लाग्ने सम्भावना बढेको छ ।
- कोरोना महामारी, तरलता अभाव, मुल्यवृद्धि जस्ता कारणले उद्याग सञ्चालनमा थप चुनौती भएको छ ।
- कोरोनाको कारण बजारको माग बढ्न नसकेकोले अधिकांश प्लाष्टिक उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेको देखिदैन ।

**प्लाष्टिक उद्योगको सम्भावना**

- पाइप तथा प्लाष्टिक उद्योगबाट निस्किएका सामानहरुलाई रियुज गरी झोला, बोरा उत्पादन गर्ने उद्योगहरु खुल्ने क्रम बढेको छ ।
- कच्चा पदार्थ आयातमा भन्सार दर कम गरी तयारी वस्तु आयातमा भन्सार बढाएमा स्वदेशी उद्योग फस्टाउने सम्भावना रहेको छ ।
- कच्चा पदार्थकोरुपमा रिसाइकल प्लाष्टिक प्रयोग गर्ने उद्योगलाई नेपाल गुणस्तर चिन्ह दिन सक्ने प्रावधान ल्याएमा प्लाष्टिक जन्य फोहोर कम गर्न सकिने सम्भावना रहेको छ ।
- अनधिकृत आयातलाई कडाई गर्न सके स्वदेशी उद्योगको समग्र माग वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

*स्रोतः नेपाल उद्योग परिसंघ, २०२०*

### ४.४.२. सम्भावना

बढ्दै गएको प्रविधिको प्रयोग, मेड इन नेपाल, मेक इन नेपाल जस्ता अभियानमा निजी क्षेत्रसँग सरकारको सहकार्य, स्वदेशी वस्तुको उत्पादन र प्रयोगमा सरकारको प्राथमिकता, तुलनात्मकरुपमा सस्तो जनशक्तिको उपलब्धता, विद्युत उत्पादनमा वृद्धि, बढ्दो शहरीकरणका कारण औद्योगिक उत्पादनको बजार विस्तार, बढ्दो बैंकिङ पहुँच लगायतका कारणले स्वदेशी उद्योग फस्टाउने सम्भावना रहेका छन् । यसैगरी सिमेन्ट, जुत्ताचप्पल, औषधी, प्लाष्टिकका सामानलगायतका उद्योग आत्मनिर्भर उन्मुख भएकोले आयात तथा विल बीजकीकरणमा अनुगमन बढाउन सके यस्ता वस्तुको आयात घटाउन तथा निर्यात प्रवर्द्धन गर्न सक्ने सम्भावना देखिन्छ ।

**तालिका ४.६ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावनाहरु**

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| प्रदेश नं. १ | • चियाको प्रशोधन, ग्रेडिङ्ग लगायत विभिन्न मापदण्ड पूरा गरी भारत समेत तेस्रो मुलुकमा निर्यात गरी अधिक लाभ लिन सकिने ।<br>• कृषि, फलफूल तथा जडिबुटीजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको विकास र विस्तार गर्न उद्योग-कृषक करार खेती सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था (Industry Peasant Contractual Farming Policy) गर्न सके कृषिजन्य कच्चा पदार्थमा आत्मनिर्भर भई लागतलाभ हाँसिल हुने तथा कृषिको व्यवसायीकरणमा टेवा पुग्ने ।<br>• अलैंची, अम्लिसो, लोक्ता जस्ता कच्चा पदार्थलाई आधार मानेर कागज उद्योग स्थापना गरी कागजको आयात प्रतिस्थापन गर्न सकिने । |
| मधेश प्रदेश | • अन्न बालीको प्रशस्त उत्पादन हुनु, सुगम भौगोलिक संरचना तथा राम्रो सडक सञ्जाल रहेकोले दूध, माछा, मासु, धान, गहुँ, मकै जस्ता कृषिमा आधारित उद्योगहरु स्थापना गरी उत्पादित वस्तु देशैभरी पुऱ्याउन सकिने ।<br>• दक्षिणी सीमा भारतसँग जोडिएकोले त्यँहाबाट कम लागतमा औद्योगिक कच्चा पदार्थको ढुवानी गरी वस्तु उत्पादन गरी भारत निकासी गर्न सकिने । |
| बागमती प्रदेश | • डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको लागि अनुसन्धान गर्न सकिने ।<br>• एल्मुनियम, रेलिङ, ग्रिल लगायतका धातु फेब्रिकेशन गर्ने, प्याक लन्चबक्स तयार गर्ने, मासुजन्य उत्पादन, पानी तथा खाद्य प्रशोधन तथा फास्टफुड उत्पादन गर्ने उद्योगको सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको ।<br>• स्याउ, सुन्तला र कफी भण्डारण, प्रशोधन तथा निकासी गर्ने उद्योगहरु, वनजन्य कच्चा पदार्थ प्रयोग गरी प्रशोधनमा आधारित उद्योगहरु, परम्परागत हस्तकला/मूर्तिकला तथा क्युरियोका सामान उत्पादन गर्ने उद्योगहरुको स्थापना तथा विस्तारको सम्भावना रहेको । |
| लुम्बिनी प्रदेश | • तुलनात्मकरुपमा कम रोयलिटीको कारण क्लिंङ्कर तथा सिमेन्टको उत्पादन र निर्यात गर्ने सम्भावना रहेको ।<br>• नेपालगञ्ज भन्सार विन्दुमा एकीकृत जाँच चौकीको निर्माण कार्य भैरहेकोले र बेलहिया नाका सञ्चालनमा रहेकोले औद्योगिक उत्पादनले भारतीय बजार पाउने सम्भावना रहेको । |

| | |
|---|---|
| कर्णाली प्रदेश | • जडिबुटी र खानीजन्य कच्चा पदार्थहरुको प्रशोधन उद्योगको सम्भावना रहेको । |
| सुदूरपश्चिम प्रदेश | • यार्सागुम्बा, मह, पाँचऔले, भ्याउ, भुतकेश, भोजपत्र, भ्याकुर, दालचिनी, टिमुर, पाषणवेद, अमला, पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोको प्रयोग गरी रोजिन एण्ड टर्पेन्टाइन लगायतका प्रतिस्पर्धात्मक लाभ भएका वस्तुहरूको जडिवुटी प्रशोधन उद्योग स्थापनाको सम्भावना रहेको ।<br>• व्यवसायिक बंगुर तथा कुखुरापालन बढ्दै गएकोले पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिन । |


## परिच्छेद ५
# सेवा क्षेत्र

अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्रभित्र पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेटसम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ। कोभिड-१९ महामारीका कारण समग्र सेवा क्षेत्रमा नकारात्मक असर परेको भएतापनि पछिल्लो सयममा यसको संक्रमणदरमा आएको कमीसँगै यो क्षेत्र विस्तार हुने क्रममा देखिन्छ।

## ५.१ पर्यटन

कोभिड-१९ महामारीको असर कम भएसँगै राष्ट्रको पर्यटन क्षेत्रमा आर्थिक वर्ष २०७८/७९ को साउन-पुस को अवधिमा गत वर्षको सोही अवधिको तुलनाका धेरै सुधार आएको देखिन्छ। समीक्षा अवधिमा पर्यटकको आगमन संख्या ९८ हजार ७ सय ६८ रहेको छ। तारे स्तरका होटलको संख्या १४.१ प्रतिशतले वृद्धि भई १६२ भएको छ र यी होटलहरुका शैया संख्या १३.५ प्रतिशतले वृद्धि भई १५ हजार ७ सय ७५ कायम भएको छ। त्यसैगरी, तारे बाहेकका होटलहरुको संख्या १ हजार १ सय ८३ पुगेको छ र यस्ता होटलका शैया संख्यामा २.२ प्रतिशतले वृद्धि भई ३२ हजार ६ सय ३७ पुगेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (समग्र) मा प्रस्तुत गरिएको छ।

**चार्ट ५.१ : पर्यटक आगमन संख्या**




*स्रोत : नेपाल पर्यटन बोर्ड।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट


समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ३ लाख ९३ हजार ४ सय ९ पुगेको छ। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व रु.२९ अर्ब ८५ करोड पुगेको छ। समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या भने ०.१ प्रतिशतले घटेर २६ हजार ६ सय २५ पुगेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा शहरी इलाकामा कारोबार बढी भएकोले घरजग्गा रजिष्ट्रेशन संख्याको तुलनामा राजस्व वृद्धिदर बढी रहेको छ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन संख्या | घर/भवन स्थायी नक्सा पास संख्या | घरजग्गा रजिष्ट्रेसन राजस्व (रु.दश लाखमा) |
|---|---|---|---|
| प्रदेश नं. १ | ८४६८७.० | ३१४९.० | २२८८.९ |
| मधेश प्रदेश | ८९६०९.० | २०४४.० | २२८९.८ |
| बागमती प्रदेश | ९७६३४.० | १२९१४.० | १५७५०.५ |
| गण्डकी प्रदेश | २६७१४.० | २१८५.० | १७१६.३ |
| लुम्बिनी प्रदेश | ६४५५१.० | ४६५१.० | ६८८५.२ |
| कर्णाली प्रदेश | १३७८०.० | ५१३.० | १७६.६ |
| सुदूरपश्चिम प्रदेश | १६४३७.० | ११६९.० | ७४८.० |
| **कुल** | **३९३४०९.०** | **२६६२५.०** | **२९८५५.३** |

समीक्षा अवधिमा बागमती प्रदेशमा सबैभन्दा बढी ९७,६३४ र कर्णाली प्रदेशमा सबैभन्दा कम १३,७८० घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ। यसैगरी, समीक्षा अवधिमा बागमती प्रदेशमा सबैभन्दा बढी १२,९१४ र कर्णाली प्रदेशमा सबैभन्दा कम ५१३ वटा घर/भवन स्थायी नक्सापास भएको छ। (तालिका ५.१)

**चार्ट ५.२ : घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशतमा)**




*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु*


घर-जग्गा रजिष्ट्रेशन संख्या बागमती प्रदेशमा सबैभन्दा बढी (२४.८ प्रतिशत) र कर्णाली प्रदेशमा सबैभन्दा कम (३.५ प्रतिशत) रहेको छ (चार्ट ५.२)। प्रदेश नं. १, बागमती प्रदेश र गण्डकी प्रदेशमा घर-जग्गा रजिष्ट्रेशन संख्या बढेको छ भने मधेश प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा यस्तो संख्या घटेको छ। त्यसैगरी, कर्णाली प्रदेशमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व घटेको छ भने अन्य प्रदेशमा यस्तो राजश्व बढेको छ। घर/भवन स्थायी नक्सापास संख्या मधेश र लुम्बिनी प्रदेशमा बढेको छ भने अन्य प्रदेशमा घटेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १० (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## ५.३ वित्तीय सेवा

२०७८ पुस मसान्तसम्ममा वाणिज्य बैंकका ४,८५६, विकास बैंकका १,०६५, वित्त कम्पनीका २४८ तथा लघुवित्त वित्तीय संस्थाका ५,०४६ गरी जम्मा ११,२१५ शाखा सञ्चालनमा रहेका छन्। यसमध्ये बागमती

प्रदेशमा सबैभन्दा बढी २,८६६ शाखाहरु तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४४४ शाखाहरु सञ्चालनमा रहेका छन् । वित्तीय सेवासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ११ मा प्रस्तुत गरिएको छ ।


**चार्ट ५.३ : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*


२०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७८ असार मसान्तको तुलनामा ३.४ प्रतिशतले वृद्धि भई रु.४९ खर्ब २ अर्ब २७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ९.३ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.४ : निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७८ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७८ पुस मसान्तमा ११.८ प्रतिशतले वृद्धि भई रु.४६ खर्ब ५८ अर्ब २ करोड पुगेको छ । अघिल्लो वर्ष कर्जा १३.५ प्रतिशतले वृद्धि भएको थियो । २०७८ असार मसान्तमा कुल कर्जा कुल निक्षेप अनुपात ८७.९ प्रतिशत रहेकोमा २०७८ पुसमा ९५.० प्रतिशत रहेको छ । कुल कर्जा कुल निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १७१.७ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ७७.१ प्रतिशत रहेको छ (चार्ट ५.५) ।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७८ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६८.८ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.० प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाले गरेको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ५५.८ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाले गरेको कर्जा प्रवाहको अंश १.२ प्रतिशत रहेको छ। निक्षेप तथा कर्जासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

## ५.४ सेवा क्षेत्र कर्जा

२०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७८ असार मसान्तको तुलनामा ५.५ प्रतिशतले घटेर रु.१५ खर्ब ४३ अर्ब ६९ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १२.८ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३३.१ प्रतिशत रहेको छ।

सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी (६०.१ प्रतिशत) कर्जा प्रवाह भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा १३.१ प्रतिशत, पर्यटन उपक्षेत्रमा १२.२ प्रतिशत, यातायात, भण्डारण र संचार उपक्षेत्रमा ६.९ प्रतिशत र अन्य सेवा उपक्षेत्रमा ७.७ प्रतिशत कर्जा प्रवाह भएको छ। सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी ५४.३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (१.४ प्रतिशत) रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ।

**तालिका ५.२ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश नं. १ | १७५६७६.९२ | ११.४ |
| मधेश प्रदेश | १४९५६०.०९ | ९.७ |
| बागमती प्रदेश | ८३७७९८.५४ | ५४.३ |
| गण्डकी प्रदेश | १११४६७.५३ | ७.२ |
| लुम्बिनी प्रदेश | १८८६०३.८७ | १२.२ |

| | | |
|---|---|---|
| कर्णाली प्रदेश | २२३७३.७५ | १.४ |
| सुदूरपश्चिम प्रदेश | ५८२१७.८५ | ३.८ |
| **कुल** | **१५४३६९८.५५** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*


## ५.५ यातायात

आर्थिक सर्वेक्षण २०७८/७९ को अनुसार २०७८ फागुन मसान्तसम्ममा दर्ता भएका कुल सवारी साधनको संख्या ४८ लाख ८२ हजार २ सय ६७ पुगेको छ। आर्थिक बर्ष २०७८/७९ फागुन मसान्तसम्ममा सबैभन्दा बढी मोटरसाइकल दर्ता भएका छन्।

## ५.६ सहुलियतपूर्ण कर्जा

२०७८ पुस मसान्तसम्ममा १ लाख ४० हजार ५ सय २१ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.२ खर्ब १३ अर्ब ५८ करोड कर्जा बक्यौता रहेको छ। बक्यौता रहेको कुल सहुलियतपूर्ण कर्जामा प्रदेश नं. १ को अंश १५.२ प्रतिशत, मधेश प्रदेशको अंश २१.१ प्रतिशत, बागमती प्रदेशको अंश ३०.६ प्रतिशत, गण्डकी प्रदेशको अंश १३.१ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १४.३ प्रतिशत, कर्णाली प्रदेशको अंश १.३ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ४.३ प्रतिशत रहेको छ (चार्ट ५.६)।

**चार्ट ५.६ : प्रदेशगत सहुलियतपूर्ण कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.७ विपन्न वर्ग कर्जा

२०७८ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा २०७८ असार मसान्तको तुलनामा १९.२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ३५ अर्ब २४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.२ प्रतिशतले वृद्धि भएको थियो। कुल विपन्न वर्ग कर्जामा प्रदेश नं. १ मा प्रवाहित कर्जाको अंश १४.२ प्रतिशत, मधेश प्रदेशको अंश ८.४ प्रतिशत, बागमती प्रदेशको अंश ४५.१ प्रतिशत, गण्डकी प्रदेशको अंश १२.५ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १४.१ प्रतिशत, कर्णाली प्रदेशको अंश १.९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ३.७ प्रतिशत रहेको छ (चार्ट ५.७)।

**चार्ट ५.७ : प्रदेशगत विपन्न कर्जाको हिस्सा (प्रतिशतमा)**





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.८ पुनरकर्जा

२०७८ पुस मसान्तमा यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जा रु.१ खर्ब २४ अर्ब ९० करोड कर्जा बक्यौता रहेको छ । कुल पुनरकर्जा उपयोगमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ४२.६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबै भन्दा कम २.३ प्रतिशत रहेको छ (चार्ट ५.८) ।

**चार्ट ५.८: प्रदेशगत पुनरकर्जाको हिस्सा (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.९ सहकारी क्षेत्र

समीक्षा अवधिमा सम्बन्धित प्रदेशमा रहेका सहकारी संस्थाहरुमध्ये हरेक प्रदेशबाट १० वटाका दरले नमुना छनौट गरिएको थियो । यसरी छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पुँजी १५.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर २२.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा उक्त सहकारीहरुको कुल बचत ११.४ प्रतिशत र कुल कर्जा ३१.२ प्रतिशतले बढेको छ ।

अघिल्लो आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तसम्ममा भने बचत २८.६ प्रतिशत र कर्जा १६.१ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा सहकारी संस्थाका सदस्यको संख्या ९.३ प्रतिशत र कर्मचारीको संख्या १६.५ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षमा सदस्य संख्या ११.८ प्रतिशत र कर्मचारीको संख्या १३.६ प्रतिशतले बढेको थियो ।

## ५.१० सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.९.१ चुनौती

रुस युक्रेन युद्धको असरले विश्वबजार उच्च मूल्य वृद्धि हुँदै मन्दी उन्मुख हुनु, पेट्रोलियम पदार्थको मूल्य वृद्धिले ढुवानी, यातायात लगायतका आर्थिक क्रियाकलाप महँगो पर्नु, बैंकिङ क्षेत्रमा तरलताको अभावले कर्जाको व्याजदर बढ्दै जानु लगायतका कारणले कोभिड-१९ महामारीपश्चात् तँग्रिदै गएको पर्यटन क्षेत्र प्रभावित हुने देखिन्छ । यसका साथै सार्वजनिक यातायात र मनोरञ्जनका क्षेत्रहरुमा पनि यसले चुनौती थपेको छ । आन्तरिक तथा वाह्य पर्यटकको आगमन संख्या वृद्धि गरी बसाँइ अवधि लम्ब्याउनु, गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, तुलनात्मकरुपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु, कोभिड-१९ को असर कम हुदै गएको सन्दर्भमा पुनरकर्जा कार्यक्रमले निरन्तरता नपाउने भएकाले बैंक तथा वित्तीय संस्थाहरुले यातायात र पर्यटन क्षेत्रमा प्रवाह गरेको कर्जा असुलीमा देखिन सक्ने समस्या, उच्च मूल्यवृद्धि र न्यून तलबका कारण डाक्टर, नर्स, ल्याव प्राविधिक लगायतका जनशक्तिको उत्पादनमा हुने वृद्धिदर कम हुन सक्नु, पूर्वाधार, शिक्षा, व्यवस्थापन लगायतका क्षेत्रको गुणस्तरमा सुधार ल्याई सार्वजनिक स्कुल कलेजलाई निजी सरह प्रतिस्पर्धात्मक बनाउनु आदि कार्यहरु चुनौतीपुर्ण रहेका छन् ।

**तालिका ५.३ : सेवा क्षेत्रका प्रदेशगत चुनौतीहरु**

| प्रदेश | सेवा क्षेत्रका चुनौती |
|---|---|
| प्रदेश नं. १ | • यस प्रदेशको भ्रमणमा आउने बाह्य पर्यटकहरुको रुची/रहनसहन अनुसारको पर्यटन पूर्वाधार विकास गर्न सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिगत व्यवस्था गरी बाह्य पर्यटकहरुको संख्या वृद्धि तथा बसाई अवधि लम्ब्याउनु ।<br>• प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालय तथा स्थानीयतहले समेत आ–आफ्नै विधि तथा प्रक्रियाबाट सहुलितपूर्ण कर्जा कार्यक्रम कार्यान्वयन गर्ने गरेको सन्दर्भमा हाल कार्यान्वयनमा रहेको सहुलियतपूर्ण कर्जा कार्यक्रममा दोहोरो नपर्ने गरी यस प्रकारका सहुलियतपूर्ण कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्नु । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाकोरुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला तथा संस्कृति समेट्ने विषय वस्तुहरुको संरक्षण र विकास गर्नु ।<br>• जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैया लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरुको प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु ।<br>• मधेशमा बढिरहेको अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु |
| बागमती प्रदेश | • पर्यटकीय स्थलहरुमा फोहोर व्यवस्थापन, ब्यागेज जाँच, पर्यटक प्रहरी, पर्यटकीय क्षेत्र समेटिएको डिजिटल नक्सा, द्रुत उद्धार टिम, पर्यटकीय स्थलहरुमा इन्टरनेटको |

| | |
|---|---|
| | पहुँच तथा २४ सै घण्टा सम्पर्क गर्न सकिने हटलाइन नम्बरको व्यवस्था गरी पर्यटकहरुलाई थप सुरक्षा तथा सुविधा प्रदान गर्नु ।<br>• यातायात, मालपोत, राहदानी विभाग लगायत सेवाग्राहीको चाप बढी रहने कार्यालयहरुमा इन्टरनेट, सफ्टबेयर, कम्प्युटर तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी छिटो छरितो सेवा प्रवाह गर्नु । |
| गण्डकी प्रदेश | • सडक सञ्जाल विकाससँगै परम्परागत पदमार्गहरु संरक्षण गर्नु तथा नयाँ पदमार्गहरु खोजी गर्नु ।<br>• पर्यटक आगमनको आधिकारिक तथ्याङ्क राख्न तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वय गरी तथ्यमा आधारित नीति तर्जुमा गर्नु ।<br>• पोखराबाहेकका अन्य पर्यटकीय स्थानहरुमा पर्याप्त पर्यटकस्तरीय होटल/लजहरु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरु निर्माण गर्नु । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशको सबै जिल्लाहरुमा सन्तुलितरुपमा बैकिङ सेवा एवं डिजिटल बैंकिङ प्रविधिहरु प्रयोग तथा विकास गर्नु ।<br>• बुद्धकालीन तथा अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलसम्म पुने बाटोको निर्माण तथा स्तरोन्नती गर्नु, सुलभ र सुविधा सम्पन्न यातायात सञ्चालन गर्ने तथा अन्य पर्यटन पूर्वाधारहरुमा पर्याप्त लगानी विस्तार गर्नु । |
| कर्णाली प्रदेश | • स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्यकर्मीहरुको संख्या वृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु ।<br>• कठिन भौगोलिक बनावटको कारण सडक तथा बाटोको सहज पहुँच नहुँदा यातायातका साधनहरु सञ्चालन गर्न जोखिमपूर्ण रहेकोले मानिसहरु आवतजावत गर्न र उत्पादित वस्तु ओसारपसार गर्ने कार्यलाई सहज बनाउनु । |
| सुदूरपश्चिम प्रदेश | • सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डकोरुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।<br>• प्रदेशको राजस्व संकलन गर्ने क्षमता न्यून रहेको अवस्थामा प्रदेशको स्रोत साधनको उपलब्धता र आवश्यकता बीचको खाडल पूर्ति गर्नु । |

### ५.९.२ सम्भावना

विद्युत् उत्पादनमा वृद्धि हुँदै गएको, वित्तीय चेतनाको स्तर अभिवृद्धि हुँदै गएको, सर्वसाधारणको बैंकिङ पहुँच विस्तार हुँदै गएको, सञ्चार माध्यम, इन्टरनेट, मोवाइल लगायतमा युवाहरुको आकर्षण र पहुँच राम्रो रहेकोले Application Development, ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार हुने सम्भावना रहेको छ । होटल तथा लजहरुमा लगानी बढ्दै गएको, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल संचालनमा आएको र तेस्रो अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न हुने चरणमा रहेको, रेलमार्ग सञ्चालन भई भारतीय पर्यटकको आगमन सहज हुने तथा पर्यटकीय क्षेत्रमा नेपालको आकर्षण यथावत् रहेकोले पर्यटन क्षेत्रले गति लिने सम्भावना रहेको छ ।

**तालिका ५.४ : सेवा क्षेत्रका प्रदेशगत सम्भावनाहरु**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • विराटनगर विमानस्थल अन्तर्राष्ट्रियस्तरको बनाउन स्तरोन्नतीको क्रममा रहेको, पर्यटकस्तरका होटलहरु स्थापना हुने क्रम बढी रहेको, मध्यपहाडी लोकमार्गको निर्माण कार्य तीव्ररुपमा भइरहेको तथा नयाँनयाँ पर्यटकीय गन्तव्य पहिचान, विकास तथा प्रचार प्रसार स्थानीय सरकार तथा निजी क्षेत्रको समेत प्राथमिकतामा रहेकोले आगामी दिनमा यस प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटक आगमनमा वृद्धि हुने ।<br>• प्रदेशका सबै स्थानीय तहमा कम्तीमा एउटा बैंक तथा वित्तीय संस्थाको विस्तार भएसँगै वित्तीय सेवामा सर्वसाधारणको पहुँच तथा वित्तीय सेवाको प्रयोग बढ्दै गएकोले अनौपचारिक अर्थतन्त्रको हिस्सा कम हुदै जाने । |
| मधेश प्रदेश | • मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरु रहेको, सप्तकोशी नदी साहसिक जलयात्राको दृष्टिकोणले प्रख्यात रहेको तथा जनकपुर क्षेत्रमा मानव निर्मित पोखरी तथा ताल तलैयाहरु प्रशस्त रहेकोले पर्यटन क्षेत्रको विस्तार गर्न सकिने ।<br>• भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास गर्न सके स्तरीय भारतीय पर्यटक भित्र्याउन सकिने । |
| बागमती प्रदेश | • धादिङ जिल्लामा पर्ने रुबी भ्याली, त्रिपुरा सुन्दरी, भैरवी मन्दिर तथा चितवनमा पर्ने सिराइचुलीमा पयर्टन प्रबर्द्धनका लागि आवश्यक सडक र अन्य पूर्वाधार निर्माण गर्न सकिएको खण्डमा पयर्टन व्यवसाय विस्तार हुने ।<br>• डेन्टल, आँखा तथा कस्मेटिक उपचार अन्य विकसित मुलुकभन्दा नेपालमा सस्तो पर्ने हुँदा पर्यटकलाई यी सेवामा लक्षित गरी विशिष्टिकृत अस्पतालको स्थापना गरी मेडिकल पर्यटन बढ्ने । |
| गण्डकी प्रदेश | • उत्तर दक्षिण लोकमार्गकोरुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकोले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले भारतीय र चिनियाँ पर्यटकहरुको आगमनमा वृद्धि हुने ।<br>• प्रस्तावित गण्डकी विश्व विद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन/अध्यापन गराउने विश्वविद्यालयकोरुपमा विकास गर्न सकिएमा वाह्य मुलुकहरुबाट समेत विद्यार्थी आकर्षित गर्न सकिने । |
| लुम्बिनी प्रदेश | • गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन हुनु, बुद्धकालीन तथा अन्य धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल रहनु, थप पर्यटक स्तरीय होटल, रेष्टुरेण्ट र होमस्टेहरु निर्माणधीन अवस्थामा रहेको कारण पर्यटक आगमन वृद्धि हुँदै जाने ।<br>• यस प्रदेशमा रियलस्टेट कारोबारले गति लिएको कारण घरजग्गा कारोबार बढ्ने तथा रजिष्ट्रेशन राजश्वसमेतमा वृद्धि हुने । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा शे-फोक्सुण्डो, रारा, बुलबुले ताल, काक्रेविहार लगायतका पर्यटकीय क्षेत्र रहेकोले पर्यटन विकासको उच्च सम्भावना रहेको । |

| | |
|---|---|
| | • बैंक तथा वित्तीय संस्थाहरुमा सर्वसाधरणको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले साना तथा मझौला क्षेत्रको विकास गर्दै कर्जा विस्तारको सम्भावना उच्च रहेको । |
| सुदूरपश्चिम प्रदेश | • स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवं रोजगारीमा टेवा पुग्न सक्ने ।<br>• जनसंख्याको अनुपातमा कर्जा लगानी थोरैमात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने । |

# परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

यस अन्तर्गत समीक्षा अवधिमा प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगतिको अवस्थाको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

### सडक

२०७८ फागुनसम्म कालोपत्रे सडक १६ हजार ९ सय ३९ किलोमिटर, ग्राभेल ८ हजार १ सय ११ किलोमिटर र कच्ची सडक ८ हजार ८ सय २१ किलोमिटर गरी कुलमा सडकको लम्बाई ३३ हजार ८ सय ७१ किलोमिटर पुगेको छ ।

आर्थिक बर्ष २०७७/७८ को फागुन मसान्तसम्ममा पुष्पलाल मध्यपहाडी लोकमार्ग १८७९ किलोमिटरमध्ये ११५७ किलोमिटर सडक कालोपत्रेमा स्तरोन्नति भएको छ । उक्त लोकमार्गमा रहने कुल १२९ पुलमध्ये ९२ पुलको निर्माण सम्पन्न भएको छ । हुलाकी लोकमार्ग आयोजनाको १७९२ किलोमिटर मध्ये २०७८ फागुन मसान्तसम्म ८१८ किलोमिटर सडक कालोपत्रे र २१९ पुल मध्ये १०५ पुलको निर्माण सम्पन्न भएको छ । त्यसैगरी, उत्तर दक्षिण लोकमार्ग कालीगण्डकी कोरिडोर (४४४ किलोमिटर) को गैडाकोट-राम्दी-मालढुङ्गा खण्ड २४५ किलोमिटर मध्ये ६४ किलोमिटर सडक कालोपत्रे र मालढुङ्गा-बेनी-जोमसोम-कोरला खण्डको १९९ किलोमिटर मध्ये १३२ किलोमिटर सडक ग्रावेल भएको र २५ किलोमिटर सडकको कालोपत्रे सम्पन्न भएको छ ।

### विमानस्थल

नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या २० रहेको छ। यस वर्ष गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निमार्ण सम्पन्न भई सञ्चालनमा आएको छ । यसै गरी पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको ९० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको संख्या ३४ रहेको छ। हाल १९ वटा विमानस्थल सञ्चालनमा आउन सकेको छैनन् भने एक आन्तरिक र २ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधीन अवस्थामा रहेका छन् ।

### सुरुङ्गमार्ग

काठमाडौंको थानकोट दहचोकदेखि-सिस्नेखोलासम्म २.५ किलोमिटर लम्बाई भएको सुरुङ्गमार्गको आर्थिक वर्ष २०७८/७९ को बैशाखसम्म कुल भौतिक प्रगति ३५.५० प्रतिशत र कुल वित्तीय प्रगति ४५.५० (मोविलाइजेशन सहित) प्रतिशत रहेको छ । आर्थिक बर्ष २०७८/७९ को बैशाखसम्म मुख्य सुरूङ १२०४ मिटर (खन्ने काम) र सहायक इभ्याकुएसन सुरूङ १४१९ मिटर (खन्ने काम) सम्पन्न भएको छ । सुरूङमार्ग निर्माण पश्चात् बाटोको दुरीमा २.३८ कि.मि.ले कमी आउने, काठमाडौ भित्रिन २३ मिनेट र बाहिरिन १४ मिनेट समय बचत हुने तथा सवारी दुर्घटनामा ५० प्रतिशत कमी हुने आँकलन गरिएको छ ।

### रेलमार्ग

जयनगर/जनकपुर-बर्दिवास तथा बथनाहा-विराटनगर रेलमार्गको ७९ किलोमिटर रेलमार्गमध्ये २०७८ असार मसान्तसम्म ५६ किलोमिटर रेलमार्गको निर्माण सम्पन्न भएको छ । २०७८ चैतदेखि जयनगर-कुर्था खण्डमा रेल सेवा सञ्चालनमा आएको छ । त्यसैगरी, पूर्व पश्चिम विद्युतीय रेलमार्ग अन्तर्गत बर्दिबास-निजगढ खण्डमा २०७८ फागुनसम्म ५०.५ किलोमिटर ट्र्याक बेड निर्माण भएको छ ।

## जलविद्युत्

२०७८ फागुन मसान्तसम्म कुल विद्युत जडित क्षमता १ हजार ६ सय ८५ मेगावाटबाट २ हजार २ सय ५ मेगावाट पुगेको छ भने ५ हजार ७ सय ७२ गिगावाट घण्टा बराबर विद्युत खपत भएको छ। ९४ प्रतिशत जनसंख्यामा विद्युत पहुँच पुगेको छ।

आर्थिक बर्ष २०७७/७८ मा माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्पन्न भएको छ। यस जलविद्युत् आयोजनाको ६ वटै यूनिटबाट ४५६ मेगावट विद्युत उत्पादन हुन थालेको छ। यस आयोजनाको सञ्चालनसँगै निजी क्षेत्रको बिजुलीको माग पुरा गरी उद्योग क्षेत्रको लागत घटाउन सकिन्छ।

## प्रसारण लाइन आयोजना

नेपाल सरकार र मिलेनियम च्यालेन्ज कर्पारेशन (एमसीसी) को संयुक्त लगानीमा कुल ३९ करोड ८२ लाख अमेरिकी डलर लागतमा तयार गर्न लागिएको प्रसारण लाइन आयोजनालाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाकोरुपमा घोषणा गरेको छ। राष्ट्रिय ग्रीडमा बिजुलीको उपलब्धता र भरपर्दोपनामा सुधार गरी आन्तरिक विद्युत उपयोगमा वृद्धि गर्ने, दिगो र भरपर्दो विद्युत आपूर्ति गर्न लगानी अभिवृद्धि गर्ने तथा बचत भएको बिजुली निर्यात गरी राजश्वमा वृद्धि गर्ने उद्देश्य यस आयोजनाले राखेको छ। १० जिल्लाका ३० नगरपालिका भएर जाने यस आयोजनाले नेपाल-भारत सीमासम्मको पूर्वाधार तयार गर्नेछ। यस आयोजना अन्तर्गत करिब ३१५ किलोमिटर लामो प्रसारण लाइन तथा ८५६ वटा टावर निर्माण गरिने कार्यक्रम रहेको छ। साथै तीनवटा नँया ४०० के.भी. क्षमताको इण्डोर ग्यास इन्सुलेटर सब-स्टेशन निर्माण गरिने योजना रहेको छ। नेपालको नयाँ बुटवलबाट भारतको गोरखपुरसम्म नेपाल र भारतको संयुक्त लगानीमा बन्ने प्रसारणलाइन निर्माण कार्यलाई समेत यस आयोजनाले सहजीकरण गर्नेछ। नेपालको मध्यम तथा दीर्घकालीन विद्युत् आपूर्तिसम्बन्धी लक्ष्यहरु, प्राविधिक तथा आर्थिक गुणस्तर तथा आन्तरिक तथा सीमापार प्रसारण लाइन लगानी योजनाहरुसँगको सामञ्जस्यतालाई दृष्टिगत गरी प्रसारण लाइनको मार्ग तथा यसका खण्डहरुको छनोट गरिएका छन्। आर्थिक बर्ष २०७८/७९ को पौष मसान्तसम्म यसको भौतिक तथा वित्तीय प्रगति २ प्रतिशत मात्र रहेको छ।

## सिँचाई

२०७८ फागुन महिनासम्म १५ लाख १२ हजार ४ सय २७ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। ४२ हजार ७ सय ६६ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुऱ्याउने लक्ष्य रहेको सिक्टा सिँचाई आयोजनाको पश्चिम मूल नहरको समस्याग्रस्त खण्डको ४ किलोमिटर मा विभिन्न स्थानमा आकस्मिक मर्मत सम्भार गरी सिँचाइ आयोजना सञ्चालन गर्ने कार्य भइरहेको छ। पूर्वी मूल नहरको १० किलोमिटर माटोको कार्य सम्पन्न भएको छ भने ५ किलोमिटरलाईनिंग तथा १६ वटा संरचना निर्माण सम्पन्न भएको छ। रानी जमरा कुलरिया सिँचाई आयोजनाको इनटेक निर्माण कार्य सम्पन्न भएको छ भने मूल नहर, फिडर नहर, सिटलिङ वेशीन र पावर हाउसको निर्माण कार्य भइरहेको छ। भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको फागुन मसान्तसम्मको भौतिक प्रगति ५६ प्रतिशत रहेको छ भने २०८२/८३ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको सुनकोशी मरिन डाइर्भसन बहुउद्देश्यीय आयोजनाको भौतिक प्रगति समीक्षा अवधिसम्म ५.४ प्रतिशत मात्र रहेको छ। फागुन मसान्तसम्म महाकाली सिँचाइ आयोजना (तेस्रो चरण) अन्तर्गत १२.६ किलोमिटर मुल नहर तथा १५ वटा नहर संरचनाको निर्माण कार्य सम्पन्न भएको छ।

## राष्ट्रिय गौरवका आयोजनाहरु

तालिका ६.१ ले समीक्षा आवधिमा राष्ट्रिय गौरवका आयोजनाहरुको स्थिति प्रस्तुत गरेको छ। राष्ट्रिय गौरवका केही आयोजनाहरु लामो अवधिसम्ममा पनि सम्पन्न हुन नसकेको अवस्था छ। समीक्षा अवधिमा माथिल्लो तामाकोशी जलविद्युत् आयोजना सम्पन्न भएको छ।

**तालिका ६.१ :- राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र. सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | लागत रु. (संशोधित) | आ.व. २०७८/७९ को पुस मसान्तसम्मको भौतिक प्रगति (प्रतिशतमा) | आ.व. २०७८/७९ को पुस मसान्तसम्मको वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|---|
| १. | सिक्टा सिँचाई आयोजना | लुम्बिनी प्रदेश | २०५९/६० | ४२,७६६ हेक्टर | २०८४/८५ | २५ अर्ब २ करोड | २४.७८ | १९.२६ |
| २. | बबई सिँचाई आयोजना | लुम्बिनी प्रदेश | २०४५/४६ | ३६,००० हेक्टर | २०७९/८० | १८ अर्ब | ८०.१२ | १९.३३ |
| ३. | रानी जमरा कुलरिया आयोजना | सुदूरपश्चिम प्रदेश | २०६८/६९ | ३८,३०० हेक्टर | २०८०/८१ | २७ अर्ब ७० करोड | ३०.०० | २७.१७ |
| ४. | सुनकोशी मरिन डाइभर्सन आयोजना | बागमती प्रदेश र मधेश प्रदेश | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | ३३.५५ | ३३.५० |
| ५. | महाकाली सिँचाई आयोजना | सुदूरपश्चिम प्रदेश | २०६३/६४ | ३३,५२० हेक्टर | २०८०/८१ | ३५ अर्ब | ३५.०० | ३४.६० |
| ६. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६८/६९ | ५१,००० हेक्टर, ४६.८ मेगावाट | २०७९/८० | ३३ अर्ब १९ करोड | ८०.१६ | २८.४३ |
| ७. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | बागमती प्रदेश | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | आयोजना सम्पन्न | |
| ८. | बुढी गण्डकी जलविद्युत् आयोजना | गण्डकी प्रदेश | २०६९/७० | १२०० मेगावाट | २०८३/८४ | २ खर्ब ६० अर्ब | ३.८९ | २.५९ |
| ९. | विद्युत् प्रशारण आयोजना | बागमती प्रदेश, लुम्बिनी प्रदेश | तयारी चरणमा रहेको | ४०० के.भि. २८९ किलोमिटरअन्तरिक २३ किलोमिटरअन्तरदेशीय | | अमेरिकी डलर ५२ करोड | २.०० | २.०० |
| १०. | पश्चिम सेती जलविद्युत् आयोजना | सुदूरपश्चिम प्रदेश | | १२०० मेगावाट | | | आयोजना निर्माणको चरणमा नगैसकेकोले प्रगति नआएको | |
| ११. | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल | लुम्बिनी प्रदेश | २०७२/७३ | ३०००x६० एकल धावन मार्ग | २०७७/७८ | ६ अर्ब ८२ करोड | ५८.०० | CAAN को बजेट स्वीकृत हुन विलम्बको कारणले वित्तीय प्रगति नखुलेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२. | पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल | गण्डकी प्रदेश | २०६८ | २५००×४५ एकल धावन मार्ग | २०७९/८० | २२ अर्ब | ५२.६० | ३२.८० |
| १३. | निजगढ अन्तराष्ट्रिय विमानस्थल | मधेश प्रदेश | २०७१/७२ | ३६००×४५ एकल धावन मार्ग | २०८५/८६ | १ खर्ब २० अर्ब | भैतिक प्रगति नभएको | ६.५६ |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | मधेश प्रदेश | २०६५/६६ | ७० कि.मि./ १३१७.४ कि.मि. | | ७० अर्ब ६१ करोड | १६.०० | १४.६४ |
| १५. | हुलाकी राजमार्ग | प्रदेश नं १, मधेश प्रदेश, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | २५.०० | ३८.८० |
| १६. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | प्रदेश नं १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | १९.३६ | २४.०० |
| १७. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | प्रदेश नं १ | २०६५/६६ | १६२ कि.मि. | २०८०/८१ | १६ अर्ब २० करोड | २४.०० | ९.१० |
| १८. | उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग | गण्डकी प्रदेश | २०६६/६७ | ४३१ कि.मि. | २०८०/८१ | २७ अर्ब | १००.०० | ६०.६० |
| १९. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६४/६५ | २८४ कि.मि./ १४५ कि.मि. | २०७९/८० | ४ अर्ब १० करोड | १०.०० | १०.३० |
| २०. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | मधेश प्रदेश, बागमती प्रदेश | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | १५.६५ | १५.७८ |
| २१. | मेलम्ची खानेपानी आयोजना | बागमती प्रदेश | २०५५ | ५१ करोड लिटर | २०७७/७८ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | ४९.२४ | ४५.९० |
| २२. | पशुपती क्षेत्र विकास कोष | बागमती प्रदेश | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | ८०.०० | ५७.०० |
| २३. | लुम्बिनी क्षेत्र विकास कोष | लुम्बिनी प्रदेश | सन् १९७८ | ११५५ विगाह | २०७८/७९ | ७ अर्ब ५० करोड | २२.३० | ३५.०१ |
| २४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | प्रदेश नं १, मधेश प्रदेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | १० अर्ब २२ करोड | ३०.०७ | ३६.६० |

*स्रोत : राष्ट्रिय योजना आयोग*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको पहिचान, मूल्याङ्कन, अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने स्थानीय अवरोधको दीर्घकालिन समाधान खोज्नु, पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, आयोजनाका लागि गुणस्तरीय स्वदेशी कामदार तथा विशेषज्ञको सुनिश्चितता गर्नु, कार्यसम्पादनमा आधारित नतिजामुखी पूर्वाधार आयोजना व्यवस्थापन गर्नु, निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउनु, पूर्वाधार निर्माणको क्रममा हुने वन विनास र पानीका प्राकृतिक स्रोतमा हुने क्षति न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु, सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माणसम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वय कायम गर्नु, स्रोत सुनिश्चित नभई प्रारम्भ गरिएका आयोजनाको लागि आवश्यक स्रोत जुटाई तोकिएको समयमा आयोजना सम्पन्न गर्नु, सम्पन्न पूर्वाधारहरुको समय समयमा अनुगमन तथा मर्मत सम्भार गर्नु, राष्ट्रिय गौरबका आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरु, आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरण एवम् विस्फोटक पदार्थ समयमा आपूर्ति गर्नु चुनौतीपूर्ण रहेको छ ।

**तालिका ६.२ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौतीहरु**

| प्रदेश | पूर्वाधार क्षेत्रका चुनौती |
|---|---|
| प्रदेश नं. १ | • प्रदेश सरकारको राजधानीका संरचना निर्माणका लागि जग्गा पहिचान, प्राप्ति र प्रशासनिक भवन लगायतका संरचना निर्माण गर्नु ।<br>• भौगोलिक जटिलताका वावजुद जल यातायात सञ्चालन गर्न जलमार्गको पहिचान गर्नु । |
| मधेश प्रदेश | • वर्षेपिच्छे खोला, खहरे तथा नदीमा वर्षायाममा आउने बाढीले बस्ती तथा खेतिपातीमा हुने क्षती कम गर्न तटबन्ध निर्माण तथा स्थायी बाँध निमार्ण गर्नु ।<br>• पोखरीजन्य दुर्घटना कम गर्न पोखरी वरिपरि बार लगाउनु ।<br>• मधेश प्रदेशमा मात्र रहेको रेलवे सेवाको प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दोरुपमा सञ्चालन गर्नु, |
| बागमती प्रदेश | • शहरको बीचमा रहने निमार्णाधिन पूर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना तथा जोखिमलाई न्यूनीकरण गर्नु,<br>• बजारी क्षेत्रमा पार्किङको व्यवस्थापन, ढल तथा फोहोर व्यवस्थापन, सडकको नियमित मर्मत सम्भार, अव्यवस्थित तार तथा होडिङ्ग बोर्ड व्यवस्थापन तथा सहरको मौलिकता तथा सौन्दर्य कायम राख्नु । |
| गण्डकी प्रदेश | • परियोजना निर्माणको क्रममा प्रयोग हुने निर्माण सामाग्री, निर्माणसम्बन्धी उपकरण, मजदुरको भैपरी आएको क्षतिको बीमा बापतको रकम समयमा प्राप्त गर्नु ।<br>• ताल तलैयाको संरक्षण, व्यवस्थापन तथा सौन्दर्यकरणका लागि तालको पानीको स्रोत खोलाहरुमा स्थायीरुपमा बाँध निमार्ण गर्नु, तालको फोहोर व्यवस्थापन गर्नु तथा ताल वरिपरिको सडक पूर्वाधार मर्मत संहार गर्नु । |
| लुम्बिनी प्रदेश | • नेपालगञ्ज एकीकृत जाँच चौकी र सिद्धबाबा सुरुङ मार्गको निर्माण तोकेको समयावधिमा सम्पन्न गर्नु । |

| | |
|---|---|
| | • आवागमनमा अवरोधात्मक बन्देजका कारण राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र परेको आयोजनालाई आवश्यक जनशक्ति, मेशिनरी उपकरण र निर्माण सामाग्रीको सहज ढुवानी गर्नु । |
| कर्णाली प्रदेश | • सबै जिल्लाहरुमा राजधानी सुर्खेतबाट सहज तथा सुलभ सडक र हवाई सञ्जालको विकास गर्नुका साथै सडक बिकासका सम्भावना कम भएका क्षेत्रहरुमा यातायातका वैकल्पिक माध्यमहरुको व्यवस्था गर्नु ।<br>• कठिन भू-बनोटको कारणले अत्यावश्यक भौतिक पूर्वाधारहरुको निर्माण तथा पुर्ननिर्माण कार्यहरुको लागत अत्यधिक हुनु । |
| सुदूरपश्चिम प्रदेश | • महाकाली सिचाँइ आयोजनाको निर्माणको गति बढाई तोकिएको समय र लागतमै सम्पन्न गर्नु ।<br>• पहाडी जिल्लाहरुलाई तराईका जिल्लाहरुसँग जोड्ने विभिन्न योजनाहरु निर्धारित समयमै सम्पन्न गरी पहाड र तराई बीचको अन्तरआवद्धता मजबुद गर्नु । |

### ६.२.२ सम्भावना

विद्युत प्रसारण लाइन र सडक सञ्जाल विस्तार आयोजना अघि बढेको, जलविद्युत, सिमेन्ट, डण्डी उत्पादनमा देश आत्मनिर्भर बन्दै गएको, अन्तरदेशीय विद्युत प्रसारणलाइन निर्माणको क्रममा रहेको, सरकारले सिँचाई, सडक, विमानस्थल लगायतका पूर्वाधार निर्माण दीर्घकालीन सोँचका साथ प्राथमिकतामा राखेको, पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्विपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको प्राथमिकतामा रहेकोले पूर्वाधार क्षेत्र विकासले गति लिने सम्भावना रहेको छ ।

**तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावनाहरु**

| प्रदेश | पूर्वाधार क्षेत्रका सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • प्रदेश गौरव आयोजनाकोरुपमा घिनाघाट-विराटचोक सडक निर्माण, विराटनगर विमानस्थलको स्तरोन्नत्ति, वृहत विराटक्षेत्रको अवधारणाको कार्यान्वयन लगायतका पूर्वाधार निर्माण प्रदेश सरकारको प्राथमिकतामा रहेकाले यस क्षेत्रको समग्र विकासमा टेवा पुग्ने ।<br>• यस प्रदेशमा निरन्तररुपमा जल प्रवाह हुने नदीहरु रहेको जल यातायात विकासको प्रचुर सम्भावना रहेको । |
| मधेश प्रदेश | • उपयुक्त धरातलीय स्वरुप र भौगोलिक सुगमताको उपयोग गरी यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरु स्थापना गरी रोजगारी सृजना गर्न सकिने ।<br>• मधेश प्रदेशमा धेरै खुल्ला जग्गा तथा मैदानहरु रहेकोले यस्ता जमिनको सदुपयोग गरी फुटबल मैदान तथा क्रिकेट मैदान जस्ता संरचनाहरु तयार गर्न सकिने । |
| बागमती प्रदेश | • काठमाडौ उपत्यका, चितवन, बनेपा लगायतका ठूला सहरहरुलाई व्यवस्थित गर्न Intelligent Traffic Light System, Parking Garage, Utility Corridor लगायतको पूर्वाधार निर्माण गर्न सकिने । |

| | |
|---|---|
| | • काठमाडौं, भरतपुर, हेटौंडा लगायतका सहरहरुमा ठूला सवारी साधनको आवतजावत गर्न तथा ढुवानी गर्नका लागि बाहिरी चक्रपथको निर्माण तथा व्यवस्थित बसपार्क निर्माण गर्न सकिने । |
| गण्डकी प्रदेश | • यस प्रदेशमा १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना सहित साना ठूला ३६ जलविद्युत परियोजनाहरु निर्माणको प्रक्रियामा रहेकाले जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको ।<br>• गण्डकी प्रदेशबाट तिब्बततर्फको नाका जोड्ने वैकल्पिक मार्गकोरुपमा गोर्खा बजारदेखि लार्के भञ्ज्याङ हुँदै तिब्बत जोड्ने सडकमार्ग निर्माण गर्न सकिने । |
| लुम्बिनी प्रदेश | • उच्च क्षमताका बबई सिँचाई आयोजना र सिक्टा सिँचाईआयोजना पूर्णरुपमा निर्माण सम्पन्न हुने क्रममा रहेकोले कृषि उत्पादन र उत्पादकत्व बढ्नुको साथै कृषि क्षेत्रमा थप रोजगारीको संभावना रहेको ।<br>• गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भई अन्तराष्ट्रिय उडान समेत सुरु भइसकेकोले पर्यटन तथा आर्थिक/सामाजिक गतिविधि बढ्ने सम्भावना रहेको । |
| कर्णाली प्रदेश | • कठिन भू-बनोटले सडक विकासका सम्भावना कम भएका क्षेत्रमा सुरुङ्गमार्ग, केबलकारको प्रयोगको सम्भावना रहेको ।<br>• यस प्रदेशमा कर्णाली, भेरी लगायतका ठूला हिमनदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत् उत्पादन गरी रोजगारी सिर्जना गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • पश्चिम सेती, कर्णाली, बुढीगंगा, चमेलिया तथा महाकाली जस्ता नदीहरु यस प्रदेशमा रहेकाले प्रशस्त मात्रामा जलविद्युत् उत्पादनका साथै सिँचाई सुविधामा विस्तार भई कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्व बढ्न सक्ने ।<br>• उत्तर दक्षिण करिडोरकारुपमा रहेका महाकाली लोकमार्ग, सेती लोकमार्ग, खुटिया-दिपायल-चैनपुर-उरै लोकमार्गको निर्माण पश्चात् सहज यातायात सम्पर्कका कारण व्यवसायिक लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्ने । |

## परिच्छेद ७
# वाह्य क्षेत्र र रोजगारी

### ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०७८/७९ को ६ महिनामा कुल वस्तु निर्यात ९५.५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब १८ अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ६.१ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः १२१.८ प्रतिशत र ३०.२ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा १०.२ प्रतिशतले कमी आएको छ।

आर्थिक वर्ष २०७८/७९ को ६ महिनामा कुल वस्तु आयात ५१.१ प्रतिशतले बढेर रु.९ खर्ब ९९ अर्ब ३४ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ४.८ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमशः ३७.५ प्रतिशत, ५१.५ प्रतिशत र ९८.२ प्रतिशतले वृद्धि भएको छ।

आर्थिक वर्ष २०७८/७९ को प्रथम ६ महिनामा कुल वस्तु व्यापार घाटा ४६.६ प्रतिशतले बढेर रु.८८० अर्ब ४९ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ५.८ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.९ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.२ प्रतिशत रहेको थियो।

**तालिका ७.१ : आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तसम्मको आयात र निर्यातको संरचना** (प्रतिशत)

| क.सं. | विवरण | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|
| | | आयात | निर्यात | आयात | निर्यात |
| १ | कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थ | २४.४३ | ५२.८२ | २३.७० | ७०.४० |
| २ | खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधन | १९.०६ | .२८ | २१.६० | ०.४३ |
| ३ | निर्माण, आवास, काठ तथा फर्निचर, आधारभुत धातु, विद्युतीय उपकरण | १४.९ | ४.१७ | १२.८ | २.७६ |
| ४ | कपडा, छाला, जुत्ता, गहना | ९.१७ | ३४.४० | १०.६३ | २२.३१ |
| ५ | यातायात, उपकरण, हुलाक सेवा | १८.५३ | २.९ | १६.९ | ०.८७ |
| ६ | आइटी, मिडिया, कम्पुटर, वित्तीय सेवा | ६.७ | ०.४४ | ६.११ | ०.६९ |
| ७ | स्वास्थ्य, शिक्षा तथा खेलकुद | ६.६१ | ४.८२ | ७.९५ | २.५२ |
| ८ | सरकार, सेना तथा अन्य | ०.५६ | ०.१३ | ०.३० | ०.०१ |
| | **कुल** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत : भन्सार विभाग*

आर्थिक वर्ष २०७७/७८ को प्रथम छ महिनाको आयात निर्यात संरचना हेर्दा समीक्षा अवधिमा आयात संरचनामा खासै परिवर्तन नभएपनि निर्यातको संरचनामा केही परिवर्तन भएको छ। आर्थिक वर्ष २०७८/७९ को प्रथम ६ महिनाको निर्यातमा कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थको हिस्सा सबैभन्दा बढी ७०.४ प्रतिशत रहेको छ भने आयातमा पनि यसै क्षेत्रको हिस्सा सबैभन्दा बढी २३.७ प्रतिशत रहेको छ। आयातमा खानी, रसायन, इन्धन, विजुली र फोहोर प्रशाधन; यातायात, उपकरण र हुलाक सेवा तथा निमार्ण, आवास, काठ तथा फर्निचर, आधारभुत धातु, विद्युतीय उपकरणको हिस्सा (क्रमशः २१.६ प्रतिशत, १६.९ प्रतिशत र १२.८ प्रतिशत) उल्लेख्य रहेको छ।

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा मधेश प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा बढी वस्तु आयात र निर्यात भएको छ। सुदूरपश्चिम प्रदेशमा रहेका भन्सारबाट सबैभन्दा कम आयात र निर्यात भएको छ। गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ। (तालिका ७.२)

**तालिका ७.२ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरु | आयात (रु. दश लाखमा) | निर्यात (रु. दश लाखमा) |
|---|---|---|---|
| प्रदेश नं. १ | भद्रपुर, विराटनगर, मेची, सुनसरी | १४८,४६७.७४ | ३८,५८७.२८ |
| मधेश प्रदेश | बीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाडी | ४६६,२००.११ | ५७,९३३.४१ |
| बागमती प्रदेश | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल | १४५,५७७.८५ | १६,८०१.५९ |
| लुम्बिनी प्रदेश | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली | २२३,९७७.७८ | ५,१७५.९३ |
| सुदूरपश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, सत्ती | १५,११९.२२ | ३५२.७५ |
| **कुल** | | **९९९,३४२.७१** | **११८,८५०.९६** |

*स्रोत : भन्सार विभाग*

आर्थिक वर्ष २०७८/७९ को प्रथम छ महिनामा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, भटमासको कच्चा तेल, पाम कच्चा तेल, सवारी साधन तथा पाटपुर्जा, मेसीनरी उपकरण तथा पाटपुर्जा, एम.एस. बिलेट, धान/चामल, सञ्चार उपकरण, सुर्यमुखी कच्चा तेल, ओाषधि, तयारी पोशाक तथा सुन रहेका छन् भने सोहि अवधिमा निर्यात गरिएका मुख्य वस्तुहरुमा भटमासको तेल, पाम तेल, गलैंचा, जुटका सामान, अलैचीं, पोलिस्टर धागो, जुस, सूर्यमुखी तेल, टेक्सटाइल पदार्थ, तयारी पोशाक, कपडा, पश्मिना, पिना तथा जडिबुटी रहेका छन् । भन्सार विन्दु अनुसार गरिएको निर्यात तथा आयातका वस्तुहरु प्रदेशगत रुपमा तालिका ७.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.३ :- भन्सार विन्दुको आधारमा आयात र निर्यात गरिएका मुख्य वस्तुहरु**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| प्रदेश नं. १ | भटमासको कच्चा तेल, कच्चा पाम आयल, पेट्रोलियम पदार्थ, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, , मकै, काँचो सनपाट, फलाम वा इस्पातका फ्ल्याट रोल्ड उत्पादन, कच्चा सूर्यमुखी तेल | भटमासको तेल, रिफाइन्ड ब्लिच्ड डियोडोराइज्ड पाम आयल, पाम आयल, जुटको बोरा तथा झोला,अलैची, चिया, नाइलन/पोलिस्टरका कपडा, सूर्यमुखी तेल, धागो, पास्ता । |
| मधेश प्रदेश | डिजल, पेट्रोल, भटमासको कच्चा तेल, एल.पी.ग्याँस, कच्चा पाम आयल, औषधि, कोइला, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, धान, रायो तथा तोरीका दाना, मकै, दाल । | भटमासको तेल, पाम आयल, फलफुलको रस, सूर्यमुखी तेल, पोलिस्टरका कपडा, पीना, औषधिजन्य वस्तु, फेल्टका सामान, दन्त मञ्जन, कपडाको जुत्ता, बुनिएका कपडा, गलैंचा, कपासको बिऊको तेल । |
| बागमती प्रदेश | सुन, भ्याक्सिन, सेलुलर टेलिफोन, वहुमुल्य धातु, कम्प्युटर तथा कम्प्युटरका सामान, हवाइजहाजका उपकरण, नेटवर्क स्वीच तथा राउटर, प्रयोगशालाका सामान, चाँदी, मेडिकल औजार तथा उपकरण,स्याउ, कम्प्युटर उपकरण, फेस मास्क, स्वास्थ्य उपकरण । | गलैंचा, पश्मिना, तयारी पोशाक फेल्टका सामान, जिवजन्तुको आहार, ऊनको तयारी पोशाक, सुतीको, यार्सागुम्बा, सजावटका सामान, बाद्ययन्त्र, तारपिन तेल । |
| लुम्बिनी प्रदेश | फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, डिजल, एल.पी.ग्याँस, सेलुलर टेलिफोन, कोइला, मोटरसाईकल, फिनिसिङ सेरामिक्स, चामल, टायल, आलु, मकै, सवारी साधन, चिनी । | भटमासको तेल, धागो, रोजिन, जडिबुटी, पीना, कत्था, पास्ता, स्टेनलेस स्टीलको भाडा माझ्ने सामान, पानी, चोकर, , पोलिथिन झोला । |
| सुदूरपश्चिम प्रदेश | डिजल, पेट्रोल, एल.पी.ग्याँस, चामल, ट्याक्टर/ट्रेलर, आलु, चिनी, गहुँ, फिनिसिङ सेरामिक्स, कागज, जेनेरेटर, दालमोट/भुजिया आदी । | कत्था, रोजिन, तारपिन तेल, जडिबुटी, खयर कच्छा, खुदो, मूर्तिकला, उखुको छोक्रा, हस्तकला । |

*स्रोत : भन्सार विभाग*

समग्र देशको निर्यातमा अलैंची, चिया, अदुवा, जडिबुटी, पश्मिना, धागो, तयारी पोशाक, छाला, जुत्ता, गलैंचा, जुस, दाल, सुन-चाँदीका गहना, चाउचाउ, तयारी पोशाक, मह, कफि तथा जलविद्युत् जस्ता तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तुहरु रहेका छन् । यसैगरी, सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्र र सूचना प्रविधि क्षेत्रका दक्ष तथा अर्द्धदक्ष जनशक्ति प्रतिस्पर्धात्मक लाभका क्षेत्र रहेका छन् । प्रदेशगतरुपमा निर्यातका सम्भावना भएका वस्तुहरु तालिका ७.४ मा दिइएको छ ।

**तालिका ७.४ : प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तु**

| प्रदेश | वस्तु |
|---|---|
| प्रदेश नं. १ | चिया, अलैंची, अदुवा, रुद्राक्ष, धागो । |
| मधेश प्रदेश | माछा, आँप, छाला । |
| बागमती प्रदेश | पश्मिना शल, उनी गलैंचा, फेल्टका सामान(खेलौना), तयारी पोशाक, जुत्ता, हस्तकला । |
| गण्डकी प्रदेश | चामल, गहुँ, मकै, कोदो, फापर, जौ, अदुवा, कफी, अलैंची, सुन्ताला, स्याउ, जडीबुटी, जलविद्युत, ऊन । |
| लुम्बिनी प्रदेश | रोजिन र रोजिन एसिड, पोलिष्टर यार्न, कफी, अदुवा । |
| कर्णाली प्रदेश | गहुँ मकै, आलु, स्याउ, उन, अदुवा, जडिबुटी । |
| सुदूरपश्चिम प्रदेश | तरकारी, जैतुनको तेल, जडीबुटी , टर्पेन्टाइन तेल, रोजिन र रोजिन तेल, फलफुल, दुग्धजन्य पदार्थ, जलविद्युत । |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७६*

## ७.२ रोजगारी

मुलुकमा व्याप्त बेरोजगारीको दरलाई घटाई बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०७८ पुस मसान्तसम्म ७ लाख ८ हजार ४२ जना सूचीकृत बेरोजगार रहेका छन् । त्यसैगरी, रोजगारीमा खटिएको व्यक्तिहरुको संख्या १५ हजार २ सय ८५ रहेको छ ।

**तालिका ७.५ : २०७८ पुस मसमन्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण**

| प्रदेश | सूचिकृत बेरोजगार | | | रोजगारीमा खटिएका संख्या | जम्मा रोजगारी दिन | आयोजना संख्या |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | | |
| प्रदेश नं. १ | ३५,२६९ | ५६,३६५ | ९१,७३८ | २,७१३ | ५९,५३२.५ | १,६५३ |
| मधेश प्रदेश | ३९,६६४ | ४२,३९५ | ८२,०८९ | १,३६३ | २४,२७८ | १,१४७ |
| बागमती प्रदेश | ३८,४७० | ४४,२६५ | ८२,७४६ | २,८५० | ७१,९१४ | १,५३४ |
| गण्डकी प्रदेश | १९,९४६ | २९,०५६ | ४९,०५१ | ८६० | १२,४२१ | १,४१५ |
| लुम्बिनी प्रदेश | ४४,४८२ | ४२,३७८ | ८६,८७२ | २,३९६ | ५७,७४८.५ | २,१५३ |
| कर्णाली प्रदेश | ७०,५८६ | ८३,०३४ | १,५३,६९७ | २,२७३ | २०,२५८ | १,३३४ |
| सुदूरपश्चिम प्रदेश | ८९,१३७ | ७२,७०० | १,६१,८४९ | २,८३० | ३८,०४२ | १,९२६ |
| **कुल** | **३,३७,५५४** | **३,७०,१९३** | **७,०८,०४२** | **१५,२८५** | **२,८४,१९४** | **११,१६२** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

सूचीकृत वेरोजगारको तथ्याङ्क हेर्दा सवैभन्दा बढी व्यक्तिहरु (१,६१,८४९ जना) सुदूरपश्चिम प्रदेशबाट सूचिकृत भएको देखिन्छ भने सवैभन्दा कम व्यक्तिहरु (४९०५१ जना) गण्डकी प्रदेशबाट रोजगारीको लागि आवेदन दिई सूचिकृत भएको देखिन्छ। नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ अनुसार मधेश प्रदेशमा सबैभन्दा बढी २०.१ प्रतिशत बेरोजगारी दर रहेको छ भने बागमती प्रदेशमा सबैभन्दा कम ७.० प्रतिशत बेरोजगारी दर रहेको छ।

यसै गरी बाह्य रोजगारीतर्फ समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या २ लाख ९६ हजार ९ सय ६२ पुगेको छ (तालिका ७.३)। आर्थिक क्रियाकलाप सुचारु भएपश्चात् रोजगारीको अवस्थामा पनि उल्लेखनिय सुधार आएको छ। गत वर्ष सोही अवधिमा वैदेशिक रोजगारीको लागि स्वीकृति जम्मा ४७ हजार ७ सय ५२ जनालाई प्रदान गरिएको थियो। नेपालीहरुको वैदेशिक रोजगारीका लागि प्रमुख गन्तव्य मुलुकहरुमा मलेशिया, कतार, साउदी अरब र यूएई रहेका छन्।

**तालिका ७.६: प्रदेशगत वैदेशिक रोजगारी श्रम स्वीकृतिको विवरण**

| प्रदेश | आ.व. २०७८/७९ साउन-पुस |
|---|---|
| प्रदेश नं. १ | ५९,५७५.०० |
| मधेश प्रदेश | ८४,७५७.०० |
| बागमती प्रदेश | ४१,४१०.०० |
| गण्डकी प्रदेश | ३८,११३.०० |
| लुम्बिनी प्रदेश | ५८,००४.०० |
| कर्णाली प्रदेश | ८,६४०.०० |
| सुदूरपश्चिम प्रदेश | ६,४६३.०० |
| **कुल** | **२९६,९६२.००** |

*स्रोत: वैदेशिक रोजगार विभाग*

## ७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### ७.३.१ चुनौती

यस आर्थिक वर्षमा व्यापार घाटा बढ्दै गएको र व्यापार घाटा पूर्ति गर्नका लागि आवश्यक पर्ने विदेशी मुद्रा स्रोत पर्याप्त रुपमा विस्तार हुन नसक्नाले विदेशी मुद्रा सञ्चितिमा चाप परेको अवस्था छ। विप्रेषण आप्रवाह वृद्धि गर्नु, आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउनु, निर्यात प्रवर्द्धन गर्नु तथा आयात प्रतिस्थापन गर्नु, पर्यटन, सेवा, व्यापार तथा तुलनात्मक लाभ भएका वस्तुको उत्पादन वृद्धि गर्नु, वैदेशिक लगानी भित्र्याउनु, वैदेशिक रोजगारीमा जाने जनशक्तिको दक्षता अभिवृद्धि गरी सुरक्षाको प्रत्याभूति दिलाउनु, निर्यातको आधार विस्तार गर्नु, उपभोगमुखी अर्थव्यवस्थालाई सुधार गरी स्वदेशी उत्पादन प्रयोग गर्न प्रोत्साहन गर्नु, महँगो तथा विलासिताका वस्तु आयातलाई निरुत्साहित गर्नु बाह्य क्षेत्र व्यवस्थापन तथा रोजगारी सिर्जनाका प्रमुख चुनौतीहरु रहेका छन्।

### ७.३.२ सम्भावना

जलविद्युत उत्पादन वृद्धि भई निर्यात गर्न सुरु भएको, प्रशारण लाइन निर्माण कार्य अगाडि बढेको, वैदेशिक लगानीका लागि अन्तर्राष्ट्रिय दात्री निकायहरुवाट प्रतिवद्धता बढ्दै गएको, केही विलासिताका वस्तुको आयातमा कडाइ गरिएको तथा आयात प्रतिस्थापन भई निर्यात वृद्धि हुँदै गएको, विद्युतीय गाडी तथा चुल्होको प्रयोग बढेको, वैदेशिक सहायताको लागि प्रयासहरु भएको, विप्रेषण खातालाई थप व्याजको व्यवस्था गरिएको, गैरआवासीय नेपालीलाई स्वदेशी बैंकमा सहजरुपमा खाता खोल्न सकिने व्यवस्था गरिएको, बैदेशिक लगानीलाई

सहज बनाउन एकद्वार प्रणाली लागु गरिएको जस्ता प्रयासहरुले व्यापार घाटामा केही कमी आउन सक्ने भएकाले बाह्य क्षेत्रमा परेको चाप कम हुने सम्भावना रहेको छ ।

वैदेशिक रोजगारबाट फर्केका नेपालीलाई स्वदेशमा लगानी गर्न सहुलियतपूर्ण कर्जाको व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनर्संरचना, Startup को लागि उद्यम प्रस्ताव धितोमा सहुलियत कर्जाको व्यवस्था तथा उद्यमी गृहिणीका लागि सहुलियत कर्जा लगायतका कार्यक्रमले अतिरिक्त रोजगार सिर्जनाको सम्भावना रहेको छ ।

## परिच्छेद ८
# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवम् कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगतिविवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको प्रादेशिकरुपमा विश्लेषण गरिएको छ ।

## ८.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारले कुल रु.१६ खर्ब ३३ अर्ब बजेट विनियोजन गरिएकोमा २०७८ पुस मसान्तसम्ममा रु. ५ खर्ब ७ अर्ब खर्च भएको छ । उक्त रकम संशोधित अनुमानको रकमको ३२.८ प्रतिशत हो । नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक बजेटलाई संशोधन गरी कुल रु.१५ खर्ब ४६ अर्ब कायम गरेको थियो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०७८/७९ को संघीय बजेटको अर्ध-वार्षिक प्रगतिविवरण**

| शिर्षक | २०७८/७९ को बजेट रकम (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (रु.अर्बमा) | २०७८/७९ को संशोधित अनुमान (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | १०६५.३ | ४०६.५ | १०३५.५ | ३९.३ |
| पुँजीगत खर्च | ३७८.१ | ५०.८ | ३४०.३ | १४.९ |
| वित्तीय व्यवस्था | १८९.४ | ४९.५ | १७०.५ | २९.०३ |
| **कुल** | **१६३२.८** | **५०६.८** | **१५४६.३** | **३२.८** |

*स्रोत : अर्थ मन्त्रालय ।*

आर्थिक बर्ष २०७८/७९ कुल प्रादेशिक बजेट रु.२ खर्ब ७२ अर्ब विनियोजन भएकोमा समिक्षा अवधिमा १४.६ प्रतिशत अर्थात् रु.३९ अर्ब ७२ करोड खर्च भएको छ । जसमध्ये चालु खर्च २१.१ प्रतिशत र पुँजीगत खर्च ९.९ प्रतिशत भएको छ । यसरी संघीय सरकारका अतिरिक्त प्रदेश सरकारहरुको पुँजीगत बजेट खर्च गर्ने क्षमता पनि कमजोर रहेको छ ।


**तालिका ८.२ : आर्थिक वर्ष २०७८/७९ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगतिविवरण**

| प्रदेश | बजेट रकम (रु.अर्बमा) | | | खर्च रकम (रु.अर्बमा) | | | खर्च (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| प्रदेश नं. १ | ३४.८ | १६.० | १८.८ | ८.६ | ५.४ | ३.२ | २४.८ | ३४.० | १७.० |
| मधेश | ३४.९ | १५.३ | १९.६ | ३.७ | २.४ | १.३ | १०.५ | १५.७ | ६.५ |
| बागमती | ५७.९ | २२.६ | ३३.३ | ८.७ | ५.० | ३.० | १५.१ | २२.२ | ९.१ |
| गण्डकी | ३१.४ | १२.६ | १८.५ | ४.८ | २.४ | २.४ | १५.३ | १९.३ | १२.८ |
| लुम्बिनी | ४२.९ | १८.१ | २४.८ | ६.३ | ३.५ | २.८ | १४.७ | १९.२ | ११.५ |
| कर्णाली | ३८.५ | १३.८ | २४.६ | ३.५ | २.१ | १.३ | ९.० | १५.५ | ५.५ |
| सुदुर पश्चिम | ३१.५ | १२.६ | १८.६ | ४.१ | २.५ | १.६ | १२.९ | १९.९ | ८.५ |
| **जम्मा/समग्र** | **२७१.८** | **१११.०** | **१५८.१** | **३९.७** | **२३.४** | **१५.६** | **१४.६** | **२१.१** | **९.९** |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी बागमती प्रदेशमा रु.५७ अर्ब ८५ करोड बजेट विनियोजन भएको थियो भने गण्डकी प्रदेशमा सबैभन्दा कम रु.३१ अर्ब ३७ करोड बजेट विनियोजन भएको थियो । खर्चतर्फ प्रदेश नं. १ मा सबैभन्दा बढी कुल विनियोजनको २४.८ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम कुल विनियोजनको ९.० प्रतिशत खर्च भएको छ ।

चार्ट ८.१ : आर्थिक वर्ष २०७८/७९ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

## ८.२ प्रदेशगत कार्यान्वयन भएका कार्यक्रमहरु

प्रदेश सरकारले आर्थिक वर्ष २०७८/७९ मा विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याएका थिए । प्रदेश सरकारले सञ्चालनमा ल्याएका महत्वपूर्ण कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् ।

### प्रदेश नं. १

प्रदेशको स्वास्थ्य प्रणाली तथा संरचनालाई सुदृढ र सक्षम बनाउँदै सबै नागरिकलाई कोरोना भाइरस विरुद्धको खोप उपलब्ध गराउने, कोभिड-१९ रोकथामका लागि अग्रपङ्तिमा रहेर काम गर्ने राष्ट्रसेवक कर्मचारीलाई अतिरिक्त पारितोषिकको व्यवस्था, निषेधाज्ञाको अवधिभर घरेलु तथा साना उद्योग र यातायात व्यवस्था कार्यालयको सेवामार्फत प्रवाह हुने कर तथा शुल्कमा जरीवाना एवम् दस्तुर मिन्हा गर्ने, सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि समन्वय र सहजीकरण गर्ने, पर्यटन उद्यमीको हात, प्रदेश सरकारको साथ कार्यक्रम, अस्पतालहरुको गुरुयोजना तयार गरी विभिन्न औजार र पूर्वाधार सहित स्तरोन्नत्ति गर्ने, स्वास्थ्य प्रणाली तथा संरचनामा सुधार गर्ने, एक पालिका एक महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम, महिला, विपन्न तथा गरीव वर्ग र असहायहरुको स्वास्थ्य उपचारको लागि उपचार कोषको व्यवस्था, शिक्षा क्षेत्रको विकासका उपयुक्त मापदण्डको योजना, मनमोहन प्राविधिक विश्ववद्यालयलाई पूर्वाधार सहित स्वायत्त संस्थाकोरुपमा विकास गरिने, विद्यालय नर्सिङ कार्यक्रम, मेरो कृषि मेरो पौरख नाराका साथ प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रम, बाली, विषादी मुक्त भान्सा र अनिकाल मुक्त चुल्हो नारा सहित भान्सा व्यवस्थापनमा आमा समूहहरुलाई प्रोत्साहन गर्ने, कृषियोग्य भूमिको वर्गीकरण एवम् माटो परिक्षण गरी भौगोलिक एवम् मौसमी अनुकूलताको आधारमा बाली लगाउन आवश्यक सहयोग गरिने, कृषकलाई सहकारीमार्फत ब्याज अनुदान प्रदान गरिने, कृषि बजार

विकास कार्यक्रम, बीजयुक्त बाली, अर्गानिक कृषि अभियान, मासु तथा अन्डामा आत्मनिर्भरता उन्मुख कार्यक्रम र हुलाकी मार्ग लक्षित बाखापालन कार्यक्रम, नयाँ पर्यटकीय गन्तव्यको पहिचान र पूर्वाधार विकास, पर्यटकीय कोरिडर स्थापना गर्ने, प्रदेश सरकारका कर्मचारीहरुलाई आर्थिक सुविधा सहित दश दिनको पर्यटन काजको व्यवस्था मिलाइने कार्यक्रमहरु घोषणा गरिएको थियो ।

### मधेश प्रदेश

कोभिड-१९ महामारी रोकथामका लागि आवश्यक खोप उपलब्ध गराउने, औषधि तथा अन्य स्वास्थ्य उपकरण खरिद गर्ने, स्वास्थ्य संस्थाहरुको स्तरवृद्धि तथा संस्थागत सुदृढीकरण गर्ने, प्रदेश भित्रका अस्पतालहरुमा मृगौला विरामीहरुको उपचारका लागि ३५ वटा डायलाइसिस मेसिन खरिद गर्ने, प्रादेशिक अस्पताल जनकपुरधामका लागि विभिन्न आधुनिक उपकरण खरिदका गर्ने तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई अत्याधुनिक उपकरण सहित स्तरोन्नति गर्ने, सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास गर्ने तथा शैक्षिक वातावरण सुधार गर्ने, प्रत्येक जिल्लामा एक/एक वटा सामुदायिक विद्यालय स्थापना गर्ने, प्रदेशस्थित ऐतिहासिक पुस्तकालयहरु तथा संस्कृत विद्यालयहरुको सुदृढीकरण गर्ने, एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिने, लघु उद्यम विकास कार्यक्रमलाई प्रदेश अनुकूल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गर्ने, कोभिड-१९ का कारण रोजगारी गुमाएका युवाहरुका लागि स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने, प्रदेशलाई दुग्ध तथा मासु उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध तथा मासु मिसन कार्यक्रम र पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमहरु सञ्चालन गर्ने, मुख्यमन्त्री किसान उत्थान कार्यक्रम, कृषि सडक निर्माण गर्ने, गरिब र सामाजिक बहिष्करणमा परेका नागरिकका लागि आवासको व्यवस्था गर्ने, प्रमुख पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास एवम् सौन्दर्यकरण गर्ने, स्नो-सिटी फनपार्क निर्माण गर्ने, किसानको खेतीबारीमा सिँचाईउपलब्ध गराउन मझौला सिचाई आयोजना निर्माणलाई प्राथमिकतामा राख्ने, कृषि उत्पादनमा आधारित उद्योग स्थापना गर्ने आदि कार्यक्रमहरु रहेका थिए ।

### बागमती प्रदेश

कोभिड-१९ रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पूर्वाधार, मेशिनरी उपकरण, औषधि, खोप लगायतका व्यवस्था गर्ने, प्रदेशका नागरिकलाई खोप लगाउने, कोभिड-१९ प्रभाव न्यूनीकरण गर्ने प्रकृतिका आर्थिक पुर्नस्थापना कार्यक्रम, कोरोनाका कारण आमाबाबु दुवै गुमाएका बालबालिकालाई मासिक रु.३ हजार भत्ता, प्रदेशभित्र खेलकुद पूर्वाधार निर्माण, यन्त्रीकरण र कृषि औद्योगिकीकरणमा कृषक लक्षित कार्यक्रम सञ्चालन गर्ने र प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्ने, प्रदेशका प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य तोक्ने, उपभोक्ताले तिर्ने मूल्य र किसानले पाउने मूल्य थाहा पाउन हरेक स्थानीय तहमा कृषि बजार सूचना केन्द्र स्थापना गर्ने, गरिब किसानको साथमा बागमती सरकार अभियान, भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माण, विद्युतीय बस सञ्चालन, शैक्षिक पूर्वाधार विकास कार्यक्रम, एक विद्यालय एक नर्स कार्यक्रम, मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम घोषणा गरिएको थियो ।

### गण्डकी प्रदेश

कोरोना उपचारको व्यवस्था गरी प्रदेशका सबै नागरिकलाई सुरक्षित बनाई कोरोना महामारीका कारण रोजगारी गुमाएका नागरिकलाई रोजगारीको अवसर सृजना गर्ने, स्वास्थ्य पूवाधारको विकास गरी स्वास्थ्य क्षेत्रको सुदृढीकरण गर्ने, कोरोना रोगको रोकथाम र स्वास्थ्य प्रणलीमा सुधार गर्न प्रदेशका सबै नागरिकलाई कोरोना विरुद्धको खोप सुनिश्चित गर्ने, संक्रामक तथा सरुवा रोग अस्पताललाई आधुनिकीकरण गर्ने, प्रदेश सरकार अन्तरर्गतका सबै स्वास्थ्य संस्थाको क्षमता विकास गर्ने, विभिन्न क्यान्सरको शल्यक्रियामा लाग्ने खर्च प्रदेश सरकारबाट व्यहोर्ने, “स्वास्थ्य बीमाः सरकारको जिम्मा” कार्यक्रम, सामाजिक सुरक्षा कोष स्थापना गर्ने, “एक जिल्ला एक सहिद स्मारक पार्क” निर्माण, “सक्षम महिलाः समानान्तर पाइला” कार्यक्रम, “सीप, दक्षता र

रोजगारीः युवा पलायन रोक्ने हाम्रो जिम्मेवारी” कार्यक्रम, “उद्यमी युवाः समृद्ध प्रदेश निर्माणमा टेवा” कार्यक्रम, कृषि क्षेत्रको आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, स्याउमा आत्मनिर्भर हुन हिमाली जिल्लामा स्याउ खेतीलाई प्रोत्साहन गर्ने, कोभिड-१९ का कारण प्रभावित उद्योग व्यवसायलाई पुनर्जीवन तथा राहत दिन विशेष कार्यक्रम, भौतिक पूर्वाधार विकासमा जोड दिँदै विकास निर्माणका आयोजनाहरुलाई प्रथमिकता दिने, संघीय सरकार र स्थानीय तहसँगको सहकार्य र समन्वयलाई जोड दिने, “एक निर्वाचन क्षेत्र-एक पटक पर्यटकीय गन्तव्य” कार्यक्रम, नारायणी नदी किनारमा Beach Park निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने, सबै गाउँबस्तीमा आधारभूत खानेपानी कार्यक्रम तथा एक घर-एक धारा खानेपानी कार्यक्रम, नेपाल सरकारसँगको सहलगानीमा सूचना प्रविधि पार्क र सञ्चारग्राम निर्माण गर्ने कार्यक्रम घोषणा गरिएको थियो ।

### लुम्बिनी प्रदेश

कोभिडको उपचार गर्न आवश्यक अक्सिजनका लागि अधिकांश अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्ने, प्रदेशका सबै सरकारी अस्पतालबाट कोभिडको उपचार निशुल्क हुने व्यवस्था मिलाउने, कोभिड व्यवस्थापन तथा उपचारमा सक्रियतापूर्वक कार्य सम्पादनमा खटिने सम्पूर्ण स्वास्थ्यकर्मी एवम् कर्मचारीहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने, लुम्बिनी प्रादेशिक अस्पताललाई प्रदेशकै उच्च र विशिष्टीकृत स्वास्थ्य सेवायुक्त अस्पताल बनाउने, विशेष बालीवस्तुहरुमा प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम, स्मार्ट कृषि गाउँ कार्यक्रम, कृषिकर्म रोजगार कार्यक्रम र एक वडा एक हरित स्वयंसेवक कृषि प्रविधि प्रसार सेवा कार्यक्रम, “डोर टु डोर” पशु स्वास्थ्य सेवा उपलब्ध गराउने, सबै कृषकका लागि सुलभ कर्जा अभियानकारुपमा प्रदेशभित्रका बैंक तथा वित्तिय संस्थाहरुसँगको सहकार्यमा सबै कृषकको पहुँच पुग्ने गरी ब्याजमा अनुदान कार्यक्रमलाई सरलीकृत बनाउँदै लगिन, कृषि उत्पादन सामग्रीको भण्डारण तथा वितरण प्रणाली व्यवस्थित बनाउन सहकारीसँग सहमती गर्ने, उत्कृष्ट कृषक, कृषि उद्यमी एवम् कृषि सहकारीलाई मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कारले पुरष्कृत गरिने, मानव पुँजी निर्माणको आधार, शिक्षा क्षेत्रमा व्यापक सुधार भन्ने कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारमा सुधार तथा स्तरोन्नत्ति गर्ने, विद्यार्थीहरुद्धारा हुने वैज्ञानिक अनुसन्धान तथा आविष्कार र राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी हुन सहयोग गर्ने कार्यक्रमहरु संचालन गरिने, आन्तरिक पर्यटन तथा कर्मचारीहरुलाई प्रोत्साहन गर्ने उद्देश्य सहित कर्मचारीहरुलाई शुरु तलब स्केल अनुसार एक महिनाको तलब बराबरको रकम उपलब्ध गराउने, एक जिल्ला एक पर्यटन गन्तव्य कार्यक्रम घोषणा गरिएको थियो ।

### कर्णाली प्रदेश

कोरोना नियन्त्रणको लागि खोप खरिद गर्ने, दूध उत्पादनका लागि अनुदानको व्यवस्था गर्ने, शहिदका परिवारलाई निःशुल्क पढाउने, प्राविधिक जनशक्ति विकास गर्ने लक्ष्यका साथ उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई पढाइ अवधिभर वार्षिकरुपमा छात्रवृत्तिको व्यवस्था, बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीको कार्यक्रम, कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली, कृषि उद्योगहरुलाई बिद्युत महशुलमा ५० प्रतिशत अनुदान सहुलियतको व्यवस्था, पाँच रोपनीभन्दा बढी जग्गामा तरकारी खेती, १०० भन्दा बढी फलफुलका विरुवा लगाएका कृषक व्यवसायीलाई पोखरी तथा पाइप सिंचाईको लागि रु.५० हजारसम्म अनुदान दिने व्यवस्था, कृषक सम्मान कार्यक्रम, नमूना कृषि उद्योग स्थापना गर्ने, कृषि औजार उत्पादन गर्ने उद्योगलाई कर छुटको व्यवस्था गर्ने, एक स्थानीय तह एक कृषि उपज पकेट कार्यक्रम, कर्णालीका पर्यटकीय क्षेत्रहरुमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न र कर्मचारीको मनोवल बढाउन पर्यटन खर्च सहितको १२ दिनको पर्यटन विदा उपलब्ध गराइने, जडीबुटीको उद्योग स्थापना र प्रवर्द्धनका लागि पुँजी र प्रविधि भित्र्याउँदै जडीबुटीको आन्तरिक बजार व्यवस्थापन र बाह्य बजारको खोजी गर्दै मेक इन कर्णाली कार्यक्रम घोषणा गरिएको थियो ।

### सुदूरपश्चिम प्रदेश

स्वास्थ्य र पूर्वाधारलाई प्राथमिकता तथा कर्मचारीलाई प्रोत्साहन दिने, आगामी वर्षलाई अस्पताल स्तरोन्नत्ति तथा सेवा सुधार वर्षकारुपमा मनाउने, आगामी आर्थिक वर्षमा १५ हजार जनसंख्यालाई खानेपानी सुविधा उपलब्ध गराउने, कोरोनाका कारण रोजगारी गुमाएका र बेरोजगार युवालाई स्वरोजगार बन्न सहुलियतपूर्ण ऋण दिने, २० वर्षदेखि ३० वर्ष उमेर समूहका २०० जना एकल महिलालाई हेभी इक्युपमेन्टसम्बन्धी तालिम प्रदान गर्ने, १ हजार युवालाई सीपमूलक तालिम प्रदान गर्ने, १ हजार ४ सय ८० जनालाई आत्मनिर्भरका लागि तालिम दिने, नदीजन्य प्रकोप र कटान नियन्त्रणका लागि विभिन्न ठाउँमा गरी १ सय किलोमिटर तटबन्ध निर्माण गर्ने, ६.९७ मेगावाटको नौगाड, ७.७५ मेगावाटको सूर्नयागाड र ७.७१ मेगावाटको अपर सुर्नयागाड जलविधुतको डिपिआर गर्ने, दूध, मासु र अण्डामा क्रमशः तीन, दुई र एक वर्षभित्र प्रदेशलाई आत्मनिर्भर बनाउने, बाजुरा, दार्चुला र बझाङमा कार्यरत कर्मचारीलाई मासिक ३ हजार, अछाम, डडेल्धुरा, बैतडी र डोटीमा कार्यरत कर्मचारीहरुलाई रु.२ हजार ५ सय र कैलाली तथा कञ्चनपुरमा कार्यरत कर्मचारीलाई मासिक २ हजार प्रोत्साहन भत्ता प्रदान गर्ने, मूख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम, ९ जिल्लामा एकीकृत कृषि बजार निर्माण गर्ने, अध्ययनसँगै आर्जन कृषकसँग विद्यार्थी कार्यक्रम, प्रदेशका सबै जिल्लालाई २ वर्षभित्र बीउ उत्पादनमा आत्मनिर्भर बनाउने, पिछडा वर्ग कृषि व्यवसायमार्फत जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्ने, बाजुरामा उच्च घनत्वको स्याउ बगैंचा बनाउने कार्यक्रम घोषणा गरिएको थियो ।

## परिच्छेद ९
# आर्थिक परिदृष्य

### ९.१ मूल्य स्थिति

अन्तराष्ट्रिय बजारमा तेलको मूल्यमा भारी वृद्धि हुनु, डलरको तुलनामा नेपाली मुद्रा अवमुल्यन हुनु, रुस युक्रेन युद्धको कारण आपूर्ति श्रृखंलामा उतारचढाव आउनु, खाद्य सुरक्षालाई मध्यनजर गरी भारत सहितका विभिन्न मुलुकले खाद्यान्न निर्यातमा रोक लगाउनु, अघिल्लो वर्ष मल आपूर्तिमा आएको समस्याका कारण खाद्यान्न उत्पादनमा अपेक्षित वृद्धि हुन नसक्नु, कर्मचारीवर्गको तलब वृद्धि हुनु तथा कोभिड-१९ पछि आन्तरिक मागमा अत्यधिक वृद्धि हुनु लगायतका कारणले मुद्रास्फीतिमा चाप पर्ने सम्भावना रहेको छ । मूल्य स्थायित्वको लागि नेपाल राष्ट्र बैंकले अवलम्बन गर्ने नीतिगत पहलले मूद्रास्फीति समग्रमा एकल अंकमा रहन सक्ने देखिन्छ ।

### ९.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७८/७९ मा वेमौसमी वर्षा र मल अभावका कारण कृषि उत्पादनमा अपेक्षित वृद्धि नभएपनि यस वर्ष समयमै रोपाई भएको, नेपाल सरकारले कृषिमा आयात न्यूनीकरण तथा कृषि उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याएको, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा कृषिलाई प्राथमिकतामा राखिएको र सिँचाई, मल लगायतका कृषि पूर्वाधारको सहजता हुँदै गएकोले कृषि उत्पादन आगामी वर्ष केही वृद्धि हुने अपेक्षा गरिएको छ ।

### ९.३ औद्योगिक उत्पादन

तरलता अभाव, प्रतितपत्रमा नगद मार्जिनको व्यवस्था तथा पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धिले औद्योगिक क्षेत्रमा चाप पर्ने देखिएपनि विद्युत उत्पादन तथा आपूर्तिमा सुधार, स्वदेशी उत्पादन प्रयोगमा प्रोत्साहन, जुत्ता, सिमेन्ट लगायतका उत्पादन निर्यातमा नगद अनुदान तथा विदेशी उपभोग्य वस्तु आयातमा गरिने कडाइका कारण स्वदेशी औद्योगिक उत्पादनमा केही सुधार हुने देखिएको छ ।

### ९.४ सेवा क्षेत्र

कोभिड-१९ को महामारीपश्चात् आर्थिक गतिविधि वृद्धि हुँदै गएकोले पर्यटन आगमन दर केही बढेको, होटल क्षेत्रमा लगानी वृद्धि हुँदै गएको, आन्तरिक पर्यटनमा मानिसहरुको रुची बढेको, डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको, भौतिकरुपमा विद्यालय तथा हस्पिटल सुचारु भएका तथा खुद्रा तथा थोक व्यापारमा विस्तार भएकोले आगामी आर्थिक वर्षमा सेवा क्षेत्रमा पनि सुधारहरु आउने सम्भावना देखिन्छ ।

### ९.५ पूर्वाधार क्षेत्र

सिमेन्ट रड लगायतका निर्माण सामग्री तथा मजदुरको आपूर्ति सहज हुँदै गएको, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको, प्रशारण लाइन तथा सडक मर्मत आयोजना सुरु भएको, जलविद्युत आयोजना सुचारु भएको, सुरुङमार्ग निर्माण कार्य अघि बढेको जस्ता कारणहरुले पूर्वाधार क्षेत्रको विस्तार हुने देखिन्छ ।

### ९.६ बाह्य क्षेत्र

पर्यटन क्षेत्र सुधारोन्मुक रहेको र आयातमा केही कमी आएको भएतापनि विप्रेषण आप्रवाह वृद्धि दर केही सुस्त नै रहेको, निर्यात आशातितरुपमा बढ्न नसकेको, पेट्रोलिय पदार्थको मुल्यवृद्धि तथा डलरको अधिमुल्यनले आयात महंगो हुने भएको लगायतका कारणले चालु खाता घाटा तथा शोधानान्तर स्थितिमा रहेको चापमा उल्लेख्य सुधार हुने देखिन्दैन ।

***